# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००,
९८४१५९२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३१२ | काठमाडौं | बिहीबार, २८ फागुन २०८२ | Prabhab National Daily | Thursday, 12 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# यसरी हुन्छ सरकार गठन




■ जेबी योञ्जन

**काठमाडौं–** निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनको समानुपातिक प्रणालीतर्फको सिट बाँडफाँट आज टुंगो लगाउने भएको छ। दलहरूले प्राप्त गरेको समानुपातिक मतगणना बुधबार सकिएकाले प्राप्त मतका आधारमा आयोगले सिट बाँडफाँट टुंगो लगाउने भएको हो।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार समानुपातिकतर्फ सिट बाँडफाँट गर्न केही चरणबद्ध प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। त्यसका लागि पहिलो सर्त हो- कूल सदर मतको कम्तीमा तीन प्रतिशत मत प्राप्त दल यकीन गर्ने। त्यसपछिमात्रै प्राप्त मतको प्रतिशतका आधारमा सिट संख्या निर्धारण गरिन्छ। सिटको टुंगो लागेपछि भने आयोगले संविधानअनुसार महिला तथा अन्य समावेशी समूहको प्रतिनिधित्व मिलाउने प्रक्रिया थाल्छ। प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रत्येक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एकतिहाइ महिला

- समानुपातिक सिट बाँडफाँट
- समानुपातिकबाट निर्वाचितलाई प्रमाणपत्र
- निर्वाचनको परिणाम समेटेर तयार गरिएको प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस
- संसदीय दलको नेता तथा पदाधिकारी चयन
- राष्ट्रपतिद्वारा प्रतिनिधिसभाको पहिलो बैठक आह्वान
- निर्वाचित सबैभन्दा ज्येष्ठ सदस्यलाई पद तथा गोपनीयताको शपथ
- शपथ लिएका ज्येष्ठ सदस्यबाट बाँकी प्रतिनिधिसभा सदस्यलाई शपथ
- राष्ट्रपतिद्वारा संविधानको धारा ७६ (१) अनुसार एकल बहुमतीय सरकार गठनको आह्वान
- एकल बहुमत पुग्ने दलबाट सरकार गठनका लागि प्रधानमन्त्रीमा दाबी
- दाबीका आधारमा राष्ट्रपतिद्वारा प्रधानमन्त्री नियुक्त

हुनुपर्ने संवैधानिक व्यवस्था छ। त्यसैले प्रत्यक्षतर्फ जितेका महिला सदस्य र राष्ट्रिय सभामा रहेका महिला सदस्यको संख्या हेरेर समानुपातिकतर्फबाट आवश्यक महिला सदस्य समायोजन गरिन्छ।

त्यसपछि निर्वाचन आयोगले समानुपातिक बन्दसूचीमा रहेका उम्मेदवारमध्येबाट समावेशी समूह मिलाएर नाम पठाउन सम्बन्धित दललाई पत्राचार गर्छ। दलहरूले बन्दसूचीको क्रमअनुसार आवश्यक सदस्यको नाम पठाएपछि आयोगले समानुपातिकतर्फ निर्वाचित सदस्यको अन्तिम घोषणा गर्ने सहायक प्रवक्ता जिसीले बताए। उनका अनुसार निर्वाचित भएकाहरूलाई आयोगले प्रमाणपत्र प्रदान गर्छ। यसपछि भने आयोगले प्रत्यक्ष र समानुपातिक दुवैतर्फका परिणाम समेटिएको प्रतिवेदन राष्ट्रपतिलाई बुझाउँछ।

सहायक प्रवक्ता जिसीले प्रतिवेदन बुझाउने काम चैतको पहिलो सातातिर हुने बताए। उनले भने, 'ढिलोमा चैतको पहिलो सातामा राष्ट्रपतिज्यूलाई प्रतिवेदन बुझाइसक्छौं।'

क्रमशः पृष्ठ २ मा

# इजरायल–इरान द्वन्द्व थप नलम्बिने संकेत

- पछिल्लो तनावकाबीच विमान कम्पनीहरूले युएईको सारजाहमा उडान भर्न थाले
- बुधबार रातिमात्र एयर अरेबियाको विमान सारजाहका लागि उडेको छ
- युद्ध थप नलम्बिने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा संकेत
- खाडी मुलुकमा कार्यरत श्रमिकलाई तत्कालै उद्धार गरिहाल्नुपर्ने स्थिति नरहेको परराष्ट्रमन्त्री बालानन्द शर्माको भनाइ



युएईको दुबई सहरलाई पृष्ठभूमि बनाएर पर्खालमा विश्राम लिँदै श्रमिकहरू। *तस्बिरः एएफपी*

■ प्रभाव संवाददाता

**काठमाडौं–** करिब दुई साताअघि सुरु भएको इजरायल-इरान तनावका कारण खाडी मुलुकमा रहेका नेपालीसहित अन्य विदेशी नागरिकहरू आतंकित बनेका छन्। इजरालयको आक्रमण्का कारण सात लाख ५० हजारभन्दा बढी लेबनान छाडेको संयुक्त राष्ट्र संघले जनाएको छ।

इजरायलले दक्षिणी लेबनानमा लगातार मिसाइल आक्रमण गरेसँगै मानिसहरू सुरक्षित ठाउँको खोजीमा लागेका हुन्। इजरायलले अमेरिकाको सहयोगमा पछिल्लो दिन इरानमा पनि लगातार आक्रमण गरिरहेको छ। इरानले जवाफी कारबाहीस्वरूप साउदी अरब, कतार, कुवेत, युएई, बहराइनलगायत मुलुकमा रहेको अमेरिकी सैन्य बेस क्याम्पमा आक्रमण गर्दा ती क्षेत्रमा रोजगारदेखि व्यवसायमा पुगेकाहरू सुरक्षित स्थानको खोजीमा छन्।

जारी युद्धका कारण सबैभन्दा धेरै बेलायती नागरिकले यो क्षेत्र छाडेको बताइएको छ। अमेरिका र इजरायलले आक्रमण जारी राखेपछि इरानले स्ट्रेट अफ हर्मुज बन्द गरिदिएको थियो। विश्वको तेल आपूर्ति हुने सबैभन्दा छोटो रुट बन्द गरे पनि केही देशले यो क्षेत्रबाट तेल आयात जारी राख्यो।

जवाफमा इरानले बारुदी सुरुङ बिछ्याउन सुरु गरेको बताइएको थियो। इरानको यो कदम ठीक नभएको भन्दै अमेरिकाले तुरुन्तै यो काम बन्द गर्न चेतावनी दिएको थियो। इरानले अमेरिकाको निर्देशन पालना नगरेपछि १६ वटा बारुदी सुरुङ बिछ्याउने जहाजहरू ध्वस्त पारेको अमेरिकी रक्षा मन्त्रालयले दाबी गरेको छ।

यो युद्धका कारण १२ दिनमा एक हजार ३०० जनाको मृत्यु भइसकेको छ। आक्रमणमा परी इरानका सर्वोच्च नेता अली खामेनी मारिएका छन्। त्यसपछि नयाँ सर्वोच्च नेता मोजताबा खामेनी नियुक्त भइसकेको छ। उनी पनि युद्धका क्रममा घाइते भएको समाचार फैलिरहेका बेला उनी सुरक्षित र स्वस्थ रहेको दाबी इरानी राष्ट्रपतिको छोराले गरेका छन्। इजरायल र संयुक्त राज्य अमेरिकासँगको जारी युद्धको पृष्ठभूमिमा यस्तो दाबी सार्वजनिक गरिएको हो। यो युद्धमा सात जना अमेरिकी सेनाको ज्यान गएको बताइएको छ।

क्रमशः पृष्ठ २ मा

## तत्काल उद्धार गरिहाल्नुपर्ने अवस्था छैनः परराष्ट्र



**काठमाडौं (प्रस)–** इजरायल-इरान युद्धको तनावका कारण नेपालीहरू पनि आफ्नो देशमा आउन चाहिरहेका छन्। सरकारले भने ती क्षेत्रमा विस्तारै शान्तिपूर्ण वातावरण तय हुँदै आएकोले नआत्तिन भनेको छ।


परराष्ट्रमन्त्री बालानन्द शर्माले खाडी मुलुकमा कार्यरत श्रमिकलाई तत्कालै उद्धार गरिहाल्नुपर्ने स्थिति नरहेको बताएका हुन्। परराष्ट्र मन्त्रालयमा बुधबार पत्रकार सम्मेलन गर्दै मन्त्री शर्माले युद्ध विस्तारै शान्त हुँदै आएकोले केही हवाई ट्राञ्जिटमा रहेका नेपाली नागरिकबाहेक श्रमिकलाई तत्कालै उद्धार गर्नुपर्ने स्थिति नरहेको बताएका हुन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# सात महिनामा भित्रियो १२ खर्ब ६१ अर्ब रेमिट्यान्स

- गत आवको सात महिनामा ७.५ प्रतिशतले बढेको रेमिट्यान्स चालु आवको सोही अवधिमा ३९.८ प्रतिशतले बढ्यो
- माघमामात्रै एक खर्ब ९८ अर्ब आठ करोड रूपैयाँ भित्रिएको तथ्यांक
- वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दा रेमिट्यान्समा वृद्धि निरन्तर



■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामै मुलुकमा साढे १२ खर्बभन्दा बढी विप्रेषण (रेमिटचान्स) भित्रिएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको विवरणअनुसार गत साउनदेखि माघ महिनासम्म १२ खर्ब ६१ अर्ब एक करोड रूपैयाँ रेमिटचान्स भित्रिएको हो।

उक्त अवधिमा नेपाल भित्रिने रेमिटचान्स ३९.८ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ। जबकि अघिल्लो आथिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.५ प्रतिशतले बढेको थियो। यो तथ्यांकले चालु आर्थिक वर्षको रेमिटचान्स वृद्धिदर निकै उच्च देखिएको छ।

राष्ट्र बैंकका अनुसार पछिल्लो महिना माघमामात्रै एक खर्ब ९८ अर्ब आठ करोड रूपैयाँ रेमिटचान्समार्फत मुलुकमा आएको छ। अघिल्लो वर्षको सोही अवधिमा एक खर्ब ३७ अर्ब ५० करोड रूपैयाँ भित्रिएको तथ्यांक छ। जसअनुसार अघिल्लो आवको सात महिनाको तुलनामा चालु आवको सात महिनामा ६० अर्ब ५८ करोड रूपैयाँ बढी रेमिटचान्स आएको छ।

गत माघ महिनामा भित्रिएको रेमिटचान्स चालु आवको एकै महिनामा भित्रिएको दोस्रो बढी रकम हो। गत असोजमा सबैभन्दा बढी दुई खर्ब रूपैयाँभन्दा बढी रकम आएको थियो। पुस महिनामा एक खर्ब ९२ अर्ब ६२ करोड रूपैयाँ भित्रिएको थियो।

मुलुकको अर्थतन्त्रमा करिब ३० प्रतिशत योगदान रहेको रेमिटचान्स बढ्नुको कारण वैदेशिक रोजगारीमा जानेको संख्या बढ्नु नै प्रमुख देखिन्छ।

क्रमशः पृष्ठ २ मा

## मध्यपूर्वको मागपत्र प्रमाणीकरण स्थगित

**काठमाडौं (प्रस)–** मध्यपूर्वमा जारी युद्धका कारण त्यस क्षेत्रको मागपत्र प्रमाणीकरण स्थगित भएको छ। बुधबार परराष्ट्र मन्त्रालयले उक्त जानकारी दिएको हो। संयुक्त अरब इमिरेट्स (युएई) स्थित नेपाली दूतावासले पनि सूचना जारी गर्दै प्रमाणीकरण स्थगित भएको जानकारी गराएको छ।

दूतावासले नेपाल सरकारको उच्चस्तरीय इमर्जेन्सी रेस्पोन्स टिम (इआरटी)को निर्णयअनुसार नेपाली राजदूतावास दुबईबाट नियमितरूपमा हुँदै आएको मागपत्र प्रमाणीकरणसम्बन्धी काम अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको जनाएको छ।

क्रमशः पृष्ठ २ मा

## साउदी अरेबियामा रहेका नेपालीलाई सजग रहन अनुरोध

साउदी अरेबियास्थित नेपाली दूतावासले मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिमा साउदी अरेबियामा रहेका सम्पूर्ण नेपालीलाई आधिकारिक निकायबाट जारी हुने समाचार/निर्देशन/सूचना बमोजिम सजग रहन अनुरोध गरेको छ।

दूतावासले बुधबार जारी गरेको अनुरोधपत्रमा भनिएको छ, 'आधिकारिकरूपमा पुष्टि नभएका कुनै पनि प्रकारका समाचार, सूचना, जानकारी तथा फोटो, भिडियो सामाजिक सञ्जालमा नराख्न, सेयर र पोस्ट नगर्न र सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिने स्थान वा वस्तुको फोटो नखिच्न र भिडियो नबनाउन अनुरोध गर्दछौं।'

क्रमशः पृष्ठ २ मा

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ निर्वाचित १३७ जना नयाँ अनुहार

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको विशिष्ट परिस्थितिमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ अधिकांश नयाँ अनुहार निर्वाचित भएका छन्। सोमबार सम्पन्न उक्त प्रणालीतर्फको मतगणना परिणामअनुसार सरकार बनाउने हैसियतमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मात्रै १२५ सदस्य निर्वाचित भएका छन्। यसअघिको संसद्मा उक्त दलको २१ सदस्य रहेकामा तीमध्ये १२ जना दोहोरिएका छन् भने यसपटक निर्वाचितमध्ये ११३ जना नयाँ छन्।

प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमा रास्वपाले १२५, नेपाली कांग्रेसले १८, नेकपा एमालेले नौ, नेपाली कम्युनिस्ट पार्टीले आठ, श्रम संस्कृति पार्टीले तीन र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक स्थानमा जित हासिल गरेको छ। एक स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

अधिकांश नयाँ अनुहार जितेको रास्वापाबाट झापा निर्वाचन क्षेत्र नं १ बाट निशा डाँगी, क्षेत्र नं २ बाट इन्दिरा राना मगर, क्षेत्र नं ३ बाट प्रकाश पाठक, क्षेत्र नं ४

- रास्वपाबाट ११३ जना नयाँ निर्वाचित
- कांग्रेसबाट प्रत्यक्षमा निर्वाचित १८ मध्ये चार जनाबाहेक सबै नयाँ अनुहार
- नेकपा एमालेको तर्फबाट विजयी नौ मध्ये तीन जना नयाँ
- नेकपाबाट निर्वाचित आठमध्ये तीन जना संघीय संसद्मा नयाँ
- श्रम संस्कृति पार्टीबाट विजयी तीनै जना नयाँ
- स्वतन्त्र उम्मेदवार महावीर पुन पहिलोपटक संघीय संसद्मा

बाट शम्भुप्रसाद ढकाल र क्षेत्र नं ५ बाट बालेन्द्र शाह निर्वाचित भएका छन्। मोरङ क्षेत्र नं १ बाट यज्ञमणि न्यौपाने, क्षेत्र नं २ बाट कृष्णकुमार कार्की, क्षेत्र नं ३ बाट गणेश कार्की, क्षेत्र नं ४ बाट सन्तोष राजवंशी, क्षेत्र नं ५ बाट आशा झा र क्षेत्र नं ६ बाट रुबिना आचार्य निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ।

सुनसरी निर्वाचन क्षेत्र नं २ बाट लालविक्रम थापा, क्षेत्र नं ३ बाट अशोककुमार चौधरी, क्षेत्र नं ४ बाट दीपककुमार साह, ओखलढुंगा क्षेत्र नं १ विश्वराज पोखरेल, उदयपुर क्षेत्र नं १ बाट पारशमणि गेलाल र क्षेत्र नं २ बाट सूर्यबहादुर तामाङ निर्वाचित भएका छन्। सप्तरी क्षेत्र नं १ बाट पुष्पाकुमारी चौधरी, क्षेत्र नं २ बाट रामजी यादव, क्षेत्र नं ३ बाट अमरकान्त चौधरी र क्षेत्र नं ४ बाट सीताराम साह, सिराहा क्षेत्र नं १ बाट बब्लु गुप्ता, क्षेत्र नं २ बाट शिवशंकर यादव, क्षेत्र नं ३ बाट शम्भुकुमार यादव र क्षेत्र नं ४ बाट तपेश्वर यादव निर्वाचित भएका छन्।

धनुषा क्षेत्र नं २ बाट रामविनोद यादव, क्षेत्र नं ३ बाट मनिष झा र क्षेत्र नं ४ बाट राजकिशोर महतो, महोत्तरी क्षेत्र नं १ बाट प्रमोदकुमार महतो, क्षेत्र नं २ बाट दीपकुमार साह, क्षेत्र नं ३ बाट उज्ज्वलकुमार झा र क्षेत्र नं ४ बाट गौरीकुमारी विजयी भएका छन्। सर्लाही क्षेत्र नं १ मा नीतिमा भण्डारी (कार्की), क्षेत्र नं २ मा रविन महतो, क्षेत्र नं ३ मा नरेन्द्र साह कलवार र क्षेत्र नं ४ मा अमरेशकुमार सिंह, रौतहट क्षेत्र नं १ मा राजेशकुमार चौधरी, क्षेत्र नं ३ मा रवीन्द्र पटेल र क्षेत्र नं ४ मा गणेश पौडेल निर्वाचित भएका छन्।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## इजरायल-इरान...

### युद्ध थप नलम्बिने ट्रम्पको संकेत

बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध थप नलम्बिने संकेत गरेका छन् । अक्सीअस समाचार संस्थासँग कुराकारी गर्दै ट्रम्पले अब इरानलाई थप आक्रमण गरिरहनुपर्ने कुनै कारण नरहेको बताएका हुन् । 'अब इरानलाई थप आक्रमण गर्नुपर्ने कुनै कारण छैन, यो युद्ध चाँडै नै बन्छ हुन्छ,' ट्रम्पले भनेका छन् ।

यो युद्धका कारण विश्वभर तेल संकट हुन थालेपछि ट्रम्प पछाडि हट्न खोजेको पनि बताइएको छ । युद्धका कारण बढ्दै गएको तेल मूल्य नियन्त्रण गर्न इतिहासकै ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावसमेत गरिएको छ । गत महिनाको अन्त्यमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि कच्चा तेलको बजारमा तीव्र उतारचढाव देखिएको छ । जसकारण जी-७ र आइएएका सदस्य राष्ट्रहरूले आफूहरूसँग रहेको करिब एक अर्ब २० करोड ब्यारेल सार्वजनिक गर्न लागेको जनाएको हो । यसका अतिरिक्त सरकारी निर्देशनअनुसार उद्योग क्षेत्रले राखेको करिब ६० करोड ब्यारेल तेल भण्डार पनि उपलब्ध रहेको बताइएको छ ।

### उडान बढाउँदै युएई

पछिल्लो तनावका बीच विमान कम्पनीहरूले युएईको सारजाहमा उडान भर्न थालेको छ । बुधबार रातिमात्र एयर अरेबियाको विमान सारजाहका लागि उडेको छ । हिमालय एयरलाइन्स, फ्लाइ दुबाईले पनि यो हप्ता ४३ उडान गरेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्रोतले जनायो । यी उडानहरूमा पाँच हजारभन्दा बढी यात्रु ओहोरदोहोर गरेका छन् । उडान सहज हुन थालेपछि बुधबार राति नेपाल वायु सेवा निगमको उडानसमेत रहेको छ ।

पछिल्ला उडानहरू टिकट काटिसकेका यात्रुलाई लिन भएको विमानस्थल कार्यालयले जनायो । नेपाल फर्कन चाहनेगरी दर्तामा आएकाहरूको हकमा विमानको व्यवस्था पछि गरिने सरकारको तयारी छ ।

■■■

## तत्काल उद्धार...

'हामीले सम्बन्धित दूतावासमार्फत नियोगमा बुझेअनुसार तत्कालै नेपाली नागरिकलाई उद्धार गरिहाल्नुपर्ने अवस्था छैन । हामी चिन्तित हुनुपर्ने स्थिति छैन,' मन्त्री शर्माले भने, 'तर, ट्रान्जिटमा परेकाहरूको हकमा उद्धार काम भइरहेको छ ।' नेपाल सरकारले 'इमर्जेन्सी रेस्क्यु' टिमलाई बलियो बनाउने तयारीमा रहेको र भविष्यमा तत्काल उद्धार गर्ने पस्थिति आए तयारी रहने मन्त्री शर्माले जानकारी दिए । मन्त्रालयले प्राप्त गरेको सूचनाअनुसार अनलाइन फर्ममार्फत असुरक्षित भएको महसुस गर्नेमा पाँच हजार जना छन् ।

परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले युद्धग्रस्त क्षेत्रमा कार्यरत नेपाली श्रमिक अहिलेसम्म सुरक्षित रहेको बताए । दुबईमा कार्यरत एक जना नेपालीको मृत्यु भए पनि अहिलेसम्म त्यस्तो जोखिमपूर्ण अवस्थामा श्रमिक नरहेको राईले बताए । युद्धको बाछिटाले १५ जना श्रमिक सामान्य घाइते भएको र अहिले १४ जना उपचारपछि निको भएर काममा फर्किएको उनले बताए ।

राईका अनुसार दैनिक दुई/तीन पटक फोन सम्पर्कमार्फत सम्बन्धित नियोगमा नेपाली नागरिकको अवस्थाबारे तथ्यांक र सूचना संकलन गर्दै आएको छ ।

त्यस्तै, बहराइनमा युद्ध प्रभावित दुई हजार ६०० जना सेल्टरमा छन् जसमध्ये, चार नेपालीसमेत सुरक्षित रहेको मन्त्रालयको बुधबारको ब्रिफिङमा जानकारी दिइएको छ । पत्रकार सम्मेलनमा मन्त्रालयले १२ दिनदेखि इजरायल-अमेरिका र इरानबीचको युद्धको प्रभावले असुरक्षित महसुस गरेका नेपाली नागरिकलाई सुरक्षाको मनोभाव बढाउनसमेत आवश्यक रहेको सचिव राईले बताए । मन्त्रालयको तथ्यांकअनुसार पश्चिम एसिया क्षेत्रका मुलुकहरूमा १७ लाख २९ जना नेपाली श्रमिक कार्यरत छन् ।

■■■

## यसरी हुन्छ...

आयोगले प्रतिवेदन बुझाएपछि दलहरूले संसदीय दलको नेता, उपनेता, प्रमुख सचतेक, सचेतक आदि पदाधिकारी चुन्ने गर्छन् । उता राष्ट्रपतिले प्रतिनिधिसभा बैठक आह्वान गर्छन् । सुरुमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्यलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइन्छ । उनले नै अन्य प्रतिनिधिसभा सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउने प्रचलन छ । यस्तोमा राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा (१) अनुसार सरकार गठनको आह्वान गर्छन् । यसपटक प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुईतिहाइ बहुमत प्राप्त गरेकाले यो दलले सरकार गठनको दाबी गर्ने छ । गत पुसमै पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहबीच भएको सात बुँदे सहमतिमा बालेन संसदीय दलको नेता बन्ने र भावी प्रधानमन्त्रीको उम्मेदवार बन्ने उल्लेख भएकाले प्रधानमन्त्रीमा बालेनको दाबी रहने निश्चितजस्तै छ । बालेनले एकल बहुमत भएको भन्दै हस्ताक्षरसहित राष्ट्रपतिकहाँ दाबी पेस गर्दा राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छन् । किनभने प्रत्यक्षमै १२५ सिट जितेको रास्वपाले समानुपातिकतर्फ पनि ५७ सिट पाउने देखिएको छ (बाँडफाँट हुन बाँकी) । दुवैतर्फको सिट जोड्दा १८२ हुने देखिन्छ । यो संख्या झण्डै दुईतिहाइ नजिक हो । १३८ जना सिटले बहुमतीय सरकार गठनमा काफी हुने संवैधानिक कानुनका जानकार डा. विपिन अधिकारीले बताए ।

उनले भने, 'रास्वपा दुई सिट घटी दुईतिहाइ (१८४) बहुमतमा छ, त्यसो हुनाले राष्ट्रपतिले बहुमत परीक्षण गर्नु हुने छैन, दाबी पेस गरेलगत्तै सीधै प्रधानमन्त्री नियुक्त गर्ने देख्छु ।' पूर्ववत् सहमतिमा सभापति रवि लामिछानले दायाँबायाँ नगर्दा भावी प्रधानमन्त्री बालेन नै हुन् । हालै लामिछानेनिकट मानिने उपसभापति डोलप्रसाद अर्यालले बालेनलाई प्रधानमन्त्री बनाउने सहमति कार्यान्वयन हुन्छ भन्ने प्रश्नमा आफूलाई सहमतिको बुँदाहरू कण्ठ नभएको र हेर्नुपर्ने भन्दै संशयपूर्ण अभिव्यक्ति दिएका थिए । आलोचित भएपछि भने आफ्नो अभिव्यक्ति सच्याउँदै सहमति अक्षरशः पालना हुने बताएका थिए ।

तर, मंगलबार बालेननिकट मानिने काठमाडौं-३ बाट निर्वाचित सांसद राजुनाथ पाण्डेले उपसभापति अर्याललाई लक्षित गर्दै कुनै पनि पदाधिकारीले खुरापाती कुरा गर्न नमिल्ने चेतावनी दिए । सरकार गठनपूर्व रास्वपामा स्पष्ट देखिएको मतभेदले कतै बालेन प्रधानमन्त्री बन्नबाट रोकिने त होइन ? शंका उत्पन्न भएको छ ।

तर, रास्वपाले प्राप्त गरेको अभूतपूर्व जनमत भावी प्रधानमन्त्रीमा बालेन अघि सारिँदा उनको 'फेस भ्याल्यु'का कारण सम्भव भएको राजनीतिक विश्लेषकहरू बताउँछन् । यसले पनि बालेनलाई नै प्रधानमन्त्री बनाउनुपर्ने दबाबमा सभापति लामिछाने छन् । बालेन प्रधानमन्त्री भए प्रजातन्त्र स्थापनापछिका सबैभन्दा कलिला सरकार प्रमुख हुने छन् । उनी ३६ वर्षे हुन् ।

■■■

## सात महिनाम...

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आवको सात महिनामा गत आवको सोही अवधिको तुलनामा सात हजार ६९ जना बढी वैदेशिक रोजगारीमा गएका छन् ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या चार लाख ७२ हजार ५७७ पुगेको विभागको तथ्यांकमा उल्लेख छ । अघिल्लो आवको सोही अवधिमा चार लाख ६५ हजार ५०८ जना रोजगारीका लागि विभिन्न मुलुक पुगेका थिए । यो संख्या नयाँ श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति लिनेहरूको हो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३.० प्रतिशतले बढेर आठ अर्ब ८६ करोड रूपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.५ प्रतिशतले बढेको थियो ।

■■■

## युएईका...

युएई नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । गत दुई आवको तथ्यांक हेर्दा दैनिक पाँचदेखि ७०० भन्दा बढी नेपाली संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर उक्त मुलुक गएको देखिन्छ । अघिल्लो आव २०८१/८२ मा दुई लाख ७४ हजार ५९० जना श्रमिक युएई गएका थिए । त्यस्तै आव २०८०/८१ मा एक लाख ९३ हजार ४३८ जना गएका थिए ।

गत फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्धको असर नेपालीहरूको रोजगार गन्तव्यमा देखिएको हो । युद्ध सुरु भएयता युएईका साथै अन्य खाडी मुलुक जाने क्रम रोकिएको छ । युद्धको त्रासले उल्टै ती मुलुकमा रहेका नेपालीहरू स्वदेश फर्कन खोजिरहेको अवस्था छ ।

मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागद्वारा सञ्चालनमा ल्याइएको अनलाइन दर्ता प्रणालीमा नेपाल फर्कन चाहने ६१ हजारभन्दा बढीले आफ्नो विवरण दर्ता गराइसकेका छन् । फर्किन चाहनेहरू बढिजसो युएईबाट रहेको जनाइएको छ । दर्ता भएका विवरणहरू अध्ययन गरी आवश्यकता अनुसार कारबाहीका लागि दूतावासहरूले प्रक्रिया अगाडि बढाइरहेका छन् ।

■■■

## साउदी...

दूतावासले साउदी अरेबियाका आधिकारिक निकाय वा विश्वसनीय सञ्चारमाध्यमबाट आएका समाचारलाई मात्र विश्वास गर्न र पुष्टि नभएका हल्लाको पछि नलाग्न र राजदूतावास वा जेद्दास्थित नेपाली महावाणिज्य दूतावासमा सम्पर्क गर्न अनुरोध गरेको छ ।

■■■

## प्रतिनिधिसभामा...

सोही पार्टीबाट बारा क्षेत्र नं १ बाट गणेश धिमाल, क्षेत्र नं २ बाट चन्दनकुमार सिंह, क्षेत्र नं ३ बाट अरबिन्द साह र क्षेत्र नं ४ बाट रहबर अन्सारी, पर्सा क्षेत्र नं १ बाट बुद्धिप्रसाद पन्त, क्षेत्र नं २ बाट सुशीलकुमार कानु, क्षेत्र नं ३ बाट रामाकान्तप्रसाद चौरसिया र क्षेत्र नं ४ बाट टेकबहादुर शाक्य निर्वाचित भएका छन् ।

दोलखा क्षेत्र नं १ बाट जगदीश खरेल, रामेछाप निर्वाचन क्षेत्र नं १ बाट कृष्णहरि बुढाथोकी, सिन्धुली क्षेत्र नं १ बाट धनेन्द्र कार्की र क्षेत्र नं २ बाट आशिष गजुरेल, धादिङ क्षेत्र नं १ बाट आशिका तामाङ र क्षेत्र नं २ बाट बोधनारायण श्रेष्ठ, नुवाकोट क्षेत्र नं १ बाट विक्रम तिमिल्सिना र क्षेत्र नं २ बाट अच्युतम लामिछाने निर्वाचित भएका छन् ।

रास्वपाबाटै काठमाडौं क्षेत्र नं १ बाट रञ्जु न्यौपाने, क्षेत्र नं २ बाट सुनिल केसी, क्षेत्र नं ३ बाट राजुनाथ पाण्डे, क्षेत्र नं ४ बाट पुकार बम, क्षेत्र नं ५ बाट सस्मित पोखरेल, क्षेत्र नं ६ बाट शिशिर खनाल, क्षेत्र नं ७ बाट गणेश पराजुली, क्षेत्र नं ८ बाट विराजभक्त श्रेष्ठ, क्षेत्र नं ९ बाट डोलप्रसाद अर्याल र क्षेत्र नं १० बाट प्रदीप विष्ट, भक्तपुर क्षेत्र नं १ बाट रुकेश रञ्जित र क्षेत्र नं २ बाट राजीव खत्री, ललितपुर क्षेत्र नं १ बाट बुद्धरत्न महर्जन, क्षेत्र नं २ बाट जगदीश खरेल र क्षेत्र नं ३ बाट तोसिमा कार्की विजयी भएका छन् ।

काभ्रेपलाञ्चोक क्षेत्र नं १ बाट मधुकुमार चौलागाई र क्षेत्र नं २ बाट बदनकुमार भण्डारी, सिन्धुपाल्चोक क्षेत्र नं १ बाट भरतप्रसाद पराजुली, मकवानपुर क्षेत्र नं १ बाट प्रकाश गौतम र क्षेत्र नं २ बाट प्रशान्त उप्रेती, चितवन क्षेत्र नं १ बाट हरि ढकाल, क्षेत्र नं २ बाट रवि लामिछाने र क्षेत्र नं ३ बाट सोविता गौतम निर्वाचित भएका छन् । गोरखा क्षेत्र नं १ मा सुधन गुरुङ र क्षेत्र नं २ मा कविन्द्र बुर्लाकोटी, लमजुङ क्षेत्र नं १ मा धर्मराज केसी, कास्की क्षेत्र नं १ मा खडकराज पौडेल, क्षेत्र नं २ मा उत्तमप्रसाद पौडेल र क्षेत्र नं ३ मा बिना गुरुङ, तनहुँ क्षेत्र नं १ मा स्वर्णिम वाग्ले र क्षेत्र नं २ मा श्रीराम न्यौपाने निर्वाचित भएका छन् ।

सोही पार्टीबाट स्याङ्जा क्षेत्र नं १ मा धनञ्जय रेग्मी, क्षेत्र नं २ मा झविलाल डुम्रे, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) क्षेत्र नं १ मा राजन गौतम, क्षेत्र नं २ मा मनिष खनाल, बागलुङ क्षेत्र नं १ मा सुशील खड्का र क्षेत्र नं २ मा सोम शर्मा तथा पर्वत क्षेत्र नं १ मा सागर भुसाल विजयी भएका छन् ।

गुल्मी क्षेत्र नं १ मा सागर ढकाल र क्षेत्र नं २ मा गोविन्द पन्थी, पाल्पा क्षेत्र नं २ मा माधवबहादुर थापा, अर्घाखाँची क्षेत्र नं १ मा हरिप्रसाद भुसाल, रूपन्देही क्षेत्र नं १ मा सुनिल लम्साल, क्षेत्र नं २ मा सुलभ खरेल, क्षेत्र नं ३ मा डा लेखजंग थापा, क्षेत्र नं ४ मा कन्हैया बनिया र क्षेत्र नं ५ मा तौफिक अहमद खान निर्वाचित भएका छन् । कपिलवस्तु क्षेत्र नं १ मा मोहनलाल आचार्य र क्षेत्र नं २ मा विक्रम थापा, प्यूठान क्षेत्र नं १ मा सुशान्त वैदिक, दाङ क्षेत्र नं १ मा देवराज पाठक, क्षेत्र नं २ मा विपिनकुमार आचार्य र क्षेत्र नं ३ मा कमल सुवेदी, बाँके क्षेत्र नं १ मा कमल सुवेदी र क्षेत्र नं ३ मा खगेन्द्र सुनार र बर्दिया क्षेत्र नं १ मा ठाकुरसिंह थारू र क्षेत्र नं २ मा श्रीधर पोखेल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्र नं १ मा विक्रम खनाल र क्षेत्र नं २ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित भएको आयोगले जनाएको छ ।

सुर्खेत निर्वाचन क्षेत्र नं २ मा रमेशकुमार सापकोटा, सुदूरपश्चिम प्रदेशको कैलाली क्षेत्र नं १ मा कोमल ज्ञवाली, क्षेत्र नं २ मा केपी खनाल, क्षेत्र नं ३ मा जगतप्रसाद जोशी, क्षेत्र नं ४ मा खेमराज कोइराला र क्षेत्र नं ५ मा आनन्दबहादुर चन्द, बैतडी क्षेत्र नं १ मा हरिमोहन भण्डारी, डडेलधुरामा ताराप्रसाद जोशी, कञ्चनपुर क्षेत्र नं १ मा जनकसिंह धाँमी, क्षेत्र नं २ मा दीपकराज बोहरा र क्षेत्र नं ३ मा ज्ञानेन्द्रसिंह महता निर्वाचित भएका छन् ।

नेपाली कांग्रेसबाट प्रत्यक्षमा निर्वाचित १८ मध्ये चार जनाबाहेक सबै नयाँ अनुहार छन् । सो पार्टीबाट पाँचथर क्षेत्र नं १ मा नरेन्द्रकुमार केरुङ, इलाम क्षेत्र नं १ मा निश्कल राई, तेह्रथुम क्षेत्र नं १ मा सन्तोष सुब्बा, सोलुखुम्बु क्षेत्र नं १ मा प्रकाशसिंह कार्की, रौतहट क्षेत्र नं २ मा फिरदोश आलम, रसुवा क्षेत्र नं १ मा मोहन आचार्य, मनाङ क्षेत्र नं १ मा टेकबहादुर गुरुङ र मुस्ताङ क्षेत्र नं १ मा योगेश गौचन थकाली निर्वाचित भएका छन् ।

यस्तै, पाल्पा क्षेत्र नं १ मा सन्दीप राना, कपिलवस्तु क्षेत्र नं ३ मा अभिषेकप्रताप शाह, मुगु क्षेत्र नं १ मा खड्ग शाही, हुम्ला क्षेत्र नं १ मा जयपति रोकाया, जाजरकोट क्षेत्र नं १ मा खडकबहादुर बुढा, दैलेख क्षेत्र नं १ मा बासना थापा, सुर्खेत क्षेत्र नं १ मा विष्णुबहादुर खड्का, बाजुरा क्षेत्र नं १ मा जनकराज गिरी, अछाम क्षेत्र नं १ मा भरतकुमार स्वार र डोटी क्षेत्र नं १ मा भरतबहादुर खड्का निर्वाचित भएका छन् ।

नेकपा एमालेको तर्फबाट विजयी नौ मध्ये तीन जना नयाँ अनुहार छन् । सो पार्टीबाट निर्वाचित प्रत्यक्षतर्फको सांसद सदस्यमा ताप्लेजुङ क्षेत्र नं १ मा क्षितिज थेबे, इलाम क्षेत्र नं २ मा सुहाङ नेम्वाङ, संखुवासभा क्षेत्र नं १ मा अर्जुनकुमार कार्की, धनकुटा क्षेत्र नं १ मा राजेन्द्रकुमार राई, बाँके क्षेत्र नं २ मा मोहम्मद इश्तियाक राई, दैलेख क्षेत्र नं २ मा लक्ष्मीप्रसाद पोखरेल, अछाम क्षेत्र नं २ मा यज्ञबहादुर बोगटी, बझाङ क्षेत्र नं १ मा ऐनबहादुर महर र दार्चुला क्षेत्र नं १ मा गणेशसिंह ठगुन्ना विजयी भएको आयोगले जनाएको छ ।

नेपाली कम्युनिस्ट पार्टीबाट निर्वाचित आठमध्ये तीन जना संघीय संसद्मा नयाँ अनुहार हुन् । सो पार्टीबाट धनुषा क्षेत्र नं १ मा मातृकाप्रसाद यादव, सिन्धुपाल्चोक क्षेत्र नं २ मा युवराज दुलाल, रुकुम (पूर्वीभाग) क्षेत्र नं १ बाट पुष्पकमल दाहाल, रोल्पा क्षेत्र नं १ बाट वर्षमान पुन, सल्यान क्षेत्र नं १ बाट रमेशकुमार मल्ल, डोल्पा क्षेत्र नं १ बाट धनबहादुर बुढा, कालिकोट क्षेत्र नं १ बाट महेन्द्रबहादुर शाही र रुकुम (पश्चिम भाग) क्षेत्र नं १ बाट गोपाल शर्मा विजयी भएका छन् ।

यस निर्वाचनदेखि उदाएको श्रम संस्कृति पार्टीबाट विजयी तीनै जना नयाँ अनुहार हुन् । सो पार्टीबाट भोजपुर क्षेत्र नं १ मा ध्रुवराज राई, सुनसरी क्षेत्र नं १ बाट हर्कराज राई र खोटाङ क्षेत्र नं १ बाट आरेन राई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जुम्ला क्षेत्र नं १ मा ज्ञानबहादुर शाही पुरानै सांसद हुन् । म्याग्दी क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन नयाँ अनुहारका रूपमा विजयी भएका छन् ।


**ओमनमा रोजगार** — कम्पनी : TEA TIME BREAK LLC

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339781 | चलानी नं. ६०२५३३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | F&b Waiter | 1 | 0 | 140 | ५३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Juice Maker (Fresh Juice) | 2 | 0 | 150 | ५७,३६५ | | | | | | | |
| 3 | Kitchen Cleaner /helper | 1 | 0 | 100 | ३८,३८५ | | | | | | | |
| 4 | Sandwish Maker | 3 | 0 | 150 | ५७,३६५ | | | | | | | |
| 5 | Waiter/waitress | 1 | 0 | 140 | ५३,५४० | | | | | | | |
| 6 | Western Food Cook | 5 | 0 | 150 | ५७,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163, web:- www.finejob.com.np

**कुवेतमा रोजगार** — कम्पनी : TWENTY EIGHT LADY BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 334762 | चलानी नं. ६०२४८४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 200 | ९३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**मलेसियामा रोजगार** — कम्पनी : JEET METAL TRADING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No.339855 | चलानी नं. ६०२५३३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६४८/०८०/०८१
SECURE NEPAL JOB PLACEMENT PVT . LTD
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २८ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | भाग्यमा वृद्धि हुने छ । भगवान श्रीकृष्णको नाम जप गरेमा राम्रो हुने छ । |
| **वृष** | अज्ञात भयले मन बिथोलिनेछ ।कुर्मावतार भगवान श्री नारायणको ध्यान गरेमा दिन सहज हुन सक्छ । |
| **मिथुन** | व्यापारको स्थितिमा सुधार आउनेछ । महालक्ष्मीको आराधना गरेमा स्थायी फल प्राप्त हुनेछ । |
| **कर्कट** | स्वास्थ्य गडबड रहनेछ । वैद्यनाथ स्तोत्र पाठ गरेमा जटिलता न्यून हुने छ । |
| **सिंह** | सन्तान र प्रेम मामिलामा सुधार आउनेछ । आदित्य हृदय स्तोत्रको पाठ गरेमा प्रभाव बढेर जानेछ । |
| **कन्या** | घरपरिवारमा सुखको माहोल छाउनेछ । चन्द्रशेखर अष्टकमको पाठ गरेमा सुख वृद्धि हुने छ । |
| **तुला** | भाइबहिनीको साथ मिल्नेछ । चन्द्रघण्टा देविको स्तुति गरेमा साहस बढेर जानेछ । |
| **वृश्चिक** | वाणिमा मधुरता छाउनेछ । गणेशजिको पूजा अर्चना गरेमा विघ्न हटेर जानेछन् । |
| **धनु** | मन चंचल रहनेछ । पूर्ण चन्द्रमाको मानस ध्यान गरेमा मन शान्त रहला । |
| **मकर** | मनमा धेरै विचार खेल्नेछन् । भूतनाथ स्तोत्रको पाठले रक्षा गर्नेछ । |
| **कुम्भ** | इच्छापूर्तिको योग रहेको छ । श्रीहरिस्तोत्रमको पाठ गरेमा सफलता मिल्नेछ । |
| **मीन** | कार्यक्षेत्रमा दौडधुपको स्थिति रहला । शिव महिम्न स्तोत्र श्रवण गरेमा मन शीतल रहला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ फागुन, २०८२ (१२ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.६० | १४७.२० |
| युरो | १ को | १७०.७० | १७१.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.१७ | १९७.९८ |
| स्विस फ्रैन्क | १ को | १८९.०५ | १८९.८३ |
| अस्ट्रेलियन डलर | १ को | १०४.२८ | १०४.७१ |
| क्यानाडियन डलर | १ को | १०८.०८ | १०८.५२ |
| सिङगापुर डलर | १ को | ११५.२७ | ११५.७४ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | २१.३३ | २१.४२ |
| साउदी अरब रियाल | १ को | ३९.०६ | ३९.२२ |
| कतारी रियाल | १ को | ४०.११ | ४०.२७ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९१ | ४०.०८ |
| मलेसियन रिङेट | १ को | ३७.३५ | ३७.५० |
| दक्षिण कोरियन वन | १०० को | ९.९७ | १०.०१ |
| स्विडिस क्रोनर | १ को | १६.०८ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २२.८५ | २२.९४ |
| हङकङ डलर | १ को | १८.७४ | १८.८१ |
| कुवेती दिनार | १ को | ४७८.८५ | ४८०.८१ |
| बहराइन दिनार | १ को | ३८८.२९ | ३८९.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**अलबिदा सुरेशकिरण...** भाषा आयोगका सदस्य, वरिष्ठ पत्रकार एवं साहित्यकार सुरेशकिरण मानन्धरको दाहसंस्कारका लागि पार्थिव शरीर शवयात्रा गरी बुधबार विजेश्वरी, ढल्को, क्षेत्रपाटी, टेंगल, बागेमुढा, भेडासि, किलागल नरदेवीहुँदै इन्द्रायणीस्थित घाटमा लगिँदै ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# दुई लाख ३७ हजार किशोरीले लगाए क्यान्सरविरूद्धको खोप

**काठमाडौं (प्रस)–** पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप करिब दुई लाख ४० हजार किशोरीले लगाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत माघ २५ देखि फागुन १५ गतेसम्म सञ्चालन गरेको अभियानमा दुई लाख ३७ हजार ९७२ जना किशोरीले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए ।

नियमित एचपिभी खोप लगाउने दुई लाख १५ हजार ३१४ जना र गत वर्षको खोप अभियानमा छुट भएका २२ हजार ६४८ जना किशोरी रहेका छन् । शाखा प्रमुख डा. गौतमका अनुसार अभियानमा नियमिततर्फ खोप लगाउने कक्षा छ मा पढ्ने दुई लाख एक हजार ८९ छात्रा र विद्यालय नजाने १० वर्ष उमेर समूहका १३ हजार ५८५ किशोरी रहेका छन् ।

यस्तै सरकारले गत वर्षको एचपिभी खोप अभियानमा छुटेका अहिले कक्षा ७ देखि १० सम्म पढिरहेका १४ हजार ५८६ छात्राले खोप लगाएका छन् । यस्तै अभियानका क्रममा ११ वर्षदेखि १४ वर्षका विद्यालय नजाने आठ हजार ४९ किशोरी पनि खोप लगाएको छन् । छात्रा र किशोरीलाई खोप आ-आफ्नो विद्यालय र स्वास्थ्य संस्थामा लगाइएको थियो । शाखा प्रमुख डा. गौतमले धनुषा, महोत्तरी, अर्घाखाँची, गुल्मी, पाल्पा र रोल्पा जिल्लाबाट विवरण प्राप्त गर्न बाँकी रहेको बताए ।

## चार जिल्लामा खोप लगाउन बाँकी

हिमाली भेगका चार जिल्लामा खोप अभियान सञ्चालन हुन सकेको छैन । विद्यालय बिदा भएकाले डोल्पा, हुम्ला, जुम्ला र मनाङ जिल्लामा खोप अभियान सञ्चालन हुन सकेको शाखा प्रमुख डा. गौतमले जानकारी दिए ।

उनका अनुसार ती जिल्लामा चैत महिनामा एचपिभी खोप अभियान सञ्चालन गरिने छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकोले त्यसकोविरुद्ध खोप लगाउनुपर्ने हुन्छ ।

# विदेश जाने नेपाली विद्यार्थीको पहिलो रोजाइमा जापान

**काठमाडौं (प्रस)–** नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको पहिलो रोजाइमा जापान पर्न थालेको छ । विदेश गएर सबैभन्दा बढी व्यवस्थापन विषय पढ्ने गरेको पाइएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपालीका लागि दिइएको पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) को गत आर्थिक वर्ष र यस आर्थिक वर्षको पहिलो त्रैमासिकको विवरणमा जापान आकर्षणमा परेको छ । जापानी भाषा सिकेर थप पढ्न र काम गर्न जापानमा सहज हुने भएकाले पनि विद्यार्थीको चाप देखिको हो । केही वर्ष अघिसम्म नेपाली विद्यार्थीको पहिलो रोजाइ अस्ट्रेलिया हुने गरेको थियो ।

यस आर्थिक वर्षको गत १ साउनदेखि असोज मसान्तसम्म कूल २८ हजार ५८५ विद्यार्थीले मन्त्रालयको भक्तपुर (सानोठिमी) स्थित शाखाबाट 'नो अब्जेक्सन लेटर' (एनओसी) लिएको मन्त्रालयले जनाएको छ । त्यसमध्ये जापानका लागि नौ हजार ४५३, अस्ट्रेलियाका लागि सात हजार ७३० र संयुक्त अधिराज्य बेलायतका लागि चार हजार ६११ विद्यार्थीले स्वीकृति लिएका छन् । मन्त्रालयको 'नो अब्जेक्सन लेटर' शाखाका प्रमुख वीरेन्द्रजंग थापाले गत फेब्रुअरीमा भएको जापानी भाषा परीक्षाका कारण पछिल्ला दिनमा जापान जाने विद्यार्थी बढेको बताए ।

## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२।११।२८**

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपसिलका ऋणी सदस्यले ऋण लिँदाको शर्त तथा भाखा बमोजिम तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना रकम समयमा नतिरी नबुझाई पटक-पटक लिखित एवं मौखिक ताकेता गर्दा तथा पत्रिकाहरूमा ३५ दिने तथा १५ दिने सूचनाहरू प्रकाशन गरी तरताकेता गर्दा तथा प्रथम पटक मिति २०८२।१०।०४ गते र दोस्रो पटक मिति २०८२।११।११ गते धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने र १५ दिने सूचनाहरू क्रमशः प्रकाशित गरी ताकेता गर्दा समेत उल्लेखित समयावधि भित्र कर्जा तिर्न बुझाउन नआउनु भएकोले यो तेस्रो पटक सूचना प्रकाशन गरिएको छ । अतः यस तेस्रो पटक प्रकाशित सूचना बमोजिम ७ दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम तिर्न बुझाउन आउनु भनी ऋणी तथा धनजमानी कर्ता समेतलाई पुनः अनुरोध गरिएको छ । अन्यथा यस सूचना प्रकाशित भएको मितिले ८औं दिनमा संस्था सँग ऋण लिँदा गरेको लिखित सम्झौता, सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम यस संस्थाको नाममा धितो रोक्का कायम रहेको तपसिलमा उल्लेखित घर जग्गा यस संस्थाको मुख्य कार्यालय रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं.२२, वटु, स्थित कार्यालयमा मिति २०८२ चैत्र ५ गते दिउँसो २:०० बजे लिलाम बिक्री गरी यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने भएकोले तपसिल बमोजिमका घर/जग्गा यथास्थितिमा लिलाम बढाबढ गर्न मिति २०८२ चैत्र ५गते बिहान ११:०० बजे भित्र गोप्यशिलबन्दी बोलपत्र पेश गर्न आउनुहुन इच्छुक सर्वसाधारण/फर्मलाई र सम्बन्धित ऋणी तथा जमानीकर्ता एवं सम्पत्ति धितो बन्धक लेखिलिने सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको लेना रकमको साँवाव्याज, हर्जाना र विविध खर्च असुलनभएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघर परिवारका सदस्यहरूको नाममा रहेका भएका चलअचल सम्पत्तिबाट समेत असुलउपर गरिलिने र ऋणी तथा जमानीकर्तालाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न लेखी पठाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजुरबाजुर गर्न पाइने छैन । यस सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ । लिलामहुने दिनबिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुनेछ । लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ । कसैले बोलकबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ । धितो लिलाम सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । न्यूनतम कबोल अंक बोलपत्र फाराममा उल्लेख गरिएको छ । साथै धितो निरीक्षण सम्बन्धी जानकारी तथा अन्य थप जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| ऋणीको तिन पुस्ते नाम तथा ठेगाना: | जमानी दिनेको तिनपुस्ते नाम तथा ठेगाना : | धितोको विवरण |
|---|---|---|
| **नाम : बाबुलाल रोक्का**<br>बाबु : सुकदेव रोक्का<br>बाजे : डोल बहादुर रोक्का<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष, वडा नं.४ (हाल नीलकण्ठ न.पा. वडा नं. १२),<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६-२२९४६, धादिङ २०५४/१०/०७ | **नाम : कमला रोक्का**<br>बाबु : मान बहादुर नेपाली<br>बाजे : दल बहादुर नेपाली<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष गा.वि.स, वडा नं.४,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६३०२८/१४३, धादिङ २०६३/१०/२५ | धादिङ जिल्ला, सांकोष गा.पा. (हाल नीलकण्ठ न.पा. वडा नं.१२)वडा नं./नक्सा सिट नं.३/३(ख), कित्ता नं.१०८, क्षेत्रफल १०-४-२-३ (५,२३६.४४व.मि.) |

**Saving & Credit Co-operative Ltd.**
**ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.**
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फो.नं.५३२०२४३

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/२८**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : कृष्ण फुयाल**<br>बुबा : देव नारायण फुयाल<br>बाजे : प्रजापति फुयाल<br>ठेगाना : जितपुरफेदि-७, काठमाडौं | **नाम : सन्त गैरी नेपाल**<br>श्रीमान : कृष्ण फुयाल<br>स-बुबा : देव नारायण फुयाल<br>ठेगाना : जितपुरफेदि-७, काठमाडौं | जितपुर-७ काठमाडौं<br>नक्सा सिट नं. ७ ग कि.न. ३१६ क्षेत्रफलः ०-६-३-०,<br>नक्सा सिट नं. ८ घ कि.न. २३६ क्षेत्रफलः १-१०-३-०,<br>नक्सा सिट नं. ८ घ कि.न. २६७ क्षेत्रफलः १-८-३-० |

**लिलामी तालिका**

**मिति** : २०८३ बैशाख ०२ गते बुधबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरूः**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. शर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

## राहदानी हरायो

मिति २०७४/०७/२१ गते बसपार्क काठमाडौंबाट, दाङ जानेक्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **श्याम कुमार पुन**
राहदानी नं : **०७९४५९१६**
ठेगाना : **दाङ**
फोन नं. : **९७४९८५९०६१**

## राहदानी हरायो

मिति २०७९/०६/१८ गते नयाँबसपार्क काठमाडौंबाट रूकुम जानेक्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **रमित बुढा मगर**
राहदानी नं : **PA ११९७४४२**
ठेगाना : **रोल्पा**
फोन नं. : **९७४९१८८६५७**

## अरुण वनस्पती उद्योग लिमिटेड
**दुहबी, सुनसरी**

### बार्षिक साधारण बस्ने बारेको सूचना

यस कम्पनीका शेयरधनीहरुको ३५ औ वार्षिक साधारणसाभा निम्नलिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानूभावहरुको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२/१२/२७ गते (१० अप्रिल २०२६) शुक्रबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, दुहवी, सुनसरी
समय : दिनको २ बजे

**छलफलका विषयहरु :**

**सामान्य प्रस्ताव**

१. संचालक समितिको प्रतिवेदन ।
२. लेखा परिक्षकको प्रतिवेदनसहित २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
३. आगामी आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक प्रतिनिधित्व बारे ।
५. विविध ।

**कम्पनी सचिव**
**अरुण वनस्पती उद्योग लिमिटेड**

**(सम्पर्क नं.: बिदाको दिन बाहेक दिउंसो १२ बजे देखि अपरान्ह ४.०० बजे भित्र मोबाईल नं ९८५२०२२७७२ मा)**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२८ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृत प्राप्त भई साविक कम्पनी **मोवाइल हाउस दमक प्राइभेट लिमिटेड** (प्रा.लि.न. २२९५७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने ऋण तथा कर दायित्व आदि परिवर्तन नामको **भट्टराई काजी कन्स्ट्रक्सन प्राइभेट लिमिटेड**ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२८ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शान्ती नन्दन इङ्गलिस मेडियम स्कूल नेपालगंज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इडेन भ्याली इङ्लिस स्कुल बाँके प्रा.लि. (प्रा.लि.नं. १३१६३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## साल र अन्य गोलिया काठ/दाउरा बिक्री सम्बन्धी सूचना
**सरस्वती सामुदायिक वन उपभोक्ता समूह, कटारी न.पा.७, उदयपुर**

***प्रथम पटक प्रकाशित मिति २०८२/११/२८ गते***

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८२/८३ मा यस सामुदायिक वनक्षेत्रबाट स्वीकृत वन कार्ययोजनाको वार्षिक स्वीकार्य कटान बमोजिम कटान मुछान गरी समूहको घाटगद्दी कटारी न.पा.७ मर्जेतपुरमा राखेको साल गोलिया थान २३१ को २०३१.५२ क्यू.फि., असना थान २८ को २०६.१५ क्यू.फि., कर्मा थान ७ को ९९.४२ क्यू.फि. र हल्लुडे थान २ को १५.९० क्यू.फि. गरी जम्मा गोलिया थान २६८ को २३५२.९९ क्यू.फि.र साल जातको दाउरा ३.० (तीन) चट्टा समूह बाहिर बिक्री गर्नुपर्ने भएकोले काठ खरिद बिक्री गर्न दर्ता भएको संस्था/चिरान स:मिलहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र बोलपत्र फारम खरिद गरी दाखिला गर्न सूचना प्रकाशन गरिएको हो । पूर्ण व्यहोराको सूचना समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

# Barju Rural Municipality
## Office of Rural Municipal Executive
**Amahibelha, Sunsari**

## Invitation for Online Bid

**Date of publication: 12th March 2026**

The Barju Rural Municipality invites electronic bid for the construction of KRISHI HATBAAZAR PURWADHAR NIRMAN located at wada 4 sukrebare hatiya . Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari or may visit PPMO website www.bolpatra.gov.np.

| S.N | Name of Project & Contract ID. No. | Total Estimated Amount NRs. Exc. Vat & Contingencies | Bid Document Amount Nrs. | Last Date & Time of Bid Document submission | Bid Opening Date and Time | Bid Validity Period | Bid Security Amount Nrs. | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KRISHI HATBAAZAR PURWADHAR NIRMAN. BRM/SUNSARI/NCB/ WORKS/6/2082/83 | 80,04,829.99 | 3,000.00 | 13th April 2026 (12:00 Hrs) | 13th April 2026 (14:00 Hrs) | 90 days from the last date of bid submission | 2,40,000.00 | 120 days from the last date of bid submission |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बदलिँदो राजनीति: आशा र चुनौतीको दोभान

नेपालको संसदीय इतिहासमा हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले एउटा स्पष्ट र शक्तिशाली सन्देश दिएको छ– नेपाली मतदाता अब परम्परागत राजनीतिको 'जडता' भन्दा बाहिर निस्कन तयार छन् । प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एक्लैले १२५ सिटमा हासिल गरेको ऐतिहासिक जितले मुलुकमा नयाँ राजनीतिक शक्तिको उदयमात्र होइन, बरु वैकल्पिक राजनीतिको प्रस्ट अनुमोदन गरेको छ ।

यो निर्वाचन परिणामका केही उज्ज्वल पक्षहरू छन् । पहिलो, संसद्मा 'नयाँ अनुहार'को बाहुल्यता हुनु । वर्षौंदेखि सीमित नेताहरूको वरिपरि घुमिरहेको नेपाली राजनीतिमा युवा, प्राविधिक विज्ञ र सामाजिक अभियन्ताहरूको प्रवेशले संसद्लाई थप ऊर्जावान् बनाउने अपेक्षा गरिएको छ । रास्वपाका ११३ नयाँ अनुहारदेखि स्वतन्त्रका रूपमा निर्वाचित महावीर पुन र श्रम संस्कृति पार्टीका हर्कराज राईसम्मको उपस्थिति हुनुले संसद्मा अब नयाँ एजेण्डा र नवीन कार्यशैलीले स्थान पाउने देखिन्छ ।

दोस्रो, मतदाताले 'सुशासन' र 'डेलिभरी' लाई प्राथमिकता दिएका छन् । पुराना दलहरूको गुटबन्दी र सत्ताको खिचातानीबाट वाक्क भएका जनताले काम गरेर देखाउने व्यक्ति र नयाँ भिजन भएका दललाई विश्वास गरेका छन् । यसले राजनीतिक दलहरूलाई अब काम नगरे जनताले विकल्प खोज्छन् भन्ने गम्भीर चेतावनी दिएको छ ।

जति ठूलो जित छ, चुनौतीका चाङ पनि त्यति नै अग्ला छन् । नयाँ दल र नयाँ सांसदहरूका लागि सबैभन्दा ठूलो चुनौती 'अनुभवको अभाव' र 'अति अपेक्षा'को व्यवस्थापन गर्नु हुने छ । संसद्को नियम, कानुन निर्माणको प्रक्रिया र जटिल कर्मचारीतन्त्रसँग जुधेर जनताको उच्च आकांक्षा पूरा गर्नु सहज छैन । यसअघि कहिल्यै सरकार नचलाएका नयाँ अनुहारहरूले अब देशको अर्थतन्त्र, परराष्ट्र नीति र विकासको गतिलाई कसरी अगाडि बढाउँछन् भन्नेमा सबैको चासो छ । पुराना दलहरूको जस्तो पदको लुछाचुँडी र आन्तरिक कलह दोहोर्‍याए भने जनतामा पलाएको यो ठूलो आशा झन् गहिरो निराशामा परिणत हुन सक्छ ।

अन्ततः, यो जनादेश परिवर्तनको पक्षमा छ । नयाँ अनुहारहरूले संसद्मा केवल संख्यामात्र थप्ने होइन, बरु नयाँ सोच र परिणाममुखी कार्यशैली पनि भित्र्याउनुपर्छ । पुराना दलहरूले पनि आफ्नो पराजयबाट पाठ सिक्दै आफूलाई सुधार्नुपर्ने बेला आएको छ । यदि नयाँ र पुराना शक्तिहरूले राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर काम गरे भने यो निर्वाचन नेपालको समृद्धिका लागि कोसेढुंगा साबित हुने छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# मध्यपूर्व युद्धले नेपालमा पर्नसक्ने आर्थिक प्रभाव



❑ रिसव गौतम

> देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपालजस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुञ्जायस छैन । युद्धका असरहरु बहुआयामिक छन् । जति धनीहरूलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्द भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरूलाई ठूलै झड्का लाग्ने सम्भावना छ ।

पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् । अन्तर्राष्ट्रिय समाचार संस्था अलजजिराका अनुसार अमेरिका, इजरायल र इरानबीच भएको युद्धका क्रममा बुधबारसम्म एक हजार ३०० जनाको मृत्यु भएको छ । युद्ध इरान र इजरायलमामात्र सीमित नरहेर खाडीका सबैजसो देशहरूमा फैलिसकेको छ । मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरु सबै उपभोग्य वस्तुहरूमा महँगी बढ्न थालेको छ ।

युद्ध सुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरू मारिएका थिए । अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्रप्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भडकाउने नभई कूटनीतिक एवं सौम्य देखिन्छ । उनीहरूले सो युद्धमा आफैं सहभागी हुनेगरी चेतावनी भने दिएका छैनन् । भारत तथा चीनलगायत देशहरू मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरूलाई सम्झाउने र बार्तामार्फत हल गर्ने भूमिकामा छन् ।

इरानमाथि इजरायल तथा अमेरिकाले कडा सैन्य कारबाही थालेपछि त्यसको बाछिटा साउदी अरेबिया, संयुक्त अरब इमिरेटस् (युएई), कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ । खासगरी ती देशहरूमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा इरानले हमला गरेका समाचार छन् । इजरायल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबनान, अमेरिका, साउदी अरेबिया, युएई, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रूपमा प्रभावित छन् ।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरू ध्वस्त नगरी युद्ध नछोड्ने खालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन् । उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने संकेतसमेत गरेका छन् । संसारमा अहिले साना तथा गरिब देशहरू युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरूबाट उनीहरूले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर व्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरूले नै खेपिरहेका छन् ।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरूमा गरिब तथा विपन्न देशका मानिसहरू युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको सिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपालीमात्र होइन, कयौं त्यस्ता गरिब देशका नागरिकहरू युद्धमा सिपाही भएर होमिएका छन् । मारिने उनीहरू नै बढ्ता छन् । धनी देशहरूको पैसामात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरू पनि गरिबहरू नै धेरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइजिआरसी) ले जनाएअनुसार उसको 'ट्रुथफुल प्रोमिस ४' अभियानअन्तर्गत अमेरिका-इजरायल आक्रमणको प्रतिकारस्वरूप खाडी देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्तिमाथि प्रहार गरिएको छ । अमेरिका तथा इजरायलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरूको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ । युद्ध रोकिने वा रोक्नेभन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरू व्यापक भइरहेका छन् । यसले विश्वव्यापीरूपमा गरिब तथा श्रम निर्यातक देशहरू बढी प्रताडित हुने देखिएको छ ।

## नेपाललाई असर

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकीन छैन । खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरू त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ । अहिले नै युएईमा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनहरूमा त्यस्ता घटनाहरू नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बिँदै गयो र ती नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रूप नलिओस् । त्यसैको कामना हाम्रोजस्तो देशले गर्न जरुरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई ध्रुवमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरू भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरूमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरूलाई मात्र असर गर्दैन । युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरूका लागि कठिनाइ पर्ने छ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी 'साउदी आराम्को'को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरू समेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कंदै गएपछि विश्वबजारमा




देशहरू पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारीसमेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरूमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरूले पठाएको रेमिटचान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरूको योगदान धेरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रूपैयाँ रेमिटचान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशतभन्दा बढी खाडीमा पसिना बगाउनेहरूको योगदान रहेको छ । त्यसकारण मध्यपूर्वमा युद्ध फैलँदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध सुरु हुन गाह्रो हो, फैलन गाह्रो हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरूका लागि । ती देशहरूको अत्यधिक ध्यान आणविक भट्टी, हतियार, आधुनिक हतियार, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ । त्यसकारण युद्ध न सजिलै सुरु हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरूले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ । त्यसभन्दा बढी आफ्ना नागरिकहरू जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत

कच्चा तेल र प्राकृतिक ग्यासको मूल्यसमेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ । दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरूमा झन् बढी पर्ने छ । विश्लेषकहरूले नै तेलको मूल्य लामो समयसम्म १०० डलरभन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन् ।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपालजस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुञ्जायस छैन । युद्धका असरहरू बहुआयामिक छन् । जति धनीहरूलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्द भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिटचान्समा निर्भर देशहरूलाई ठूलै झड्का लाग्ने सम्भावना छ । यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरूको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ । *रासस*

## पाठक मञ्च

# मध्यपूर्वको रणभूमि र नेपालीको प्राणरक्षा

मध्यपूर्व अहिले एउटा यस्तो ज्वालामुखीमाथि उभिएको छ, जुन जुनसुकै बेला विष्फोट हुन सक्छ । अमेरिका-इजरायल र इरानबीचको बढ्दो तनावले केवल भौगोलिक सीमाहरू मात्र होइन, त्यहाँ पसिना बगाइरहेका लाखौं नेपाली श्रमिकहरूको भविष्य र सुरक्षालाई समेत अनिश्चित बनाएको छ । दुबईको रापिलो गर्मीमा काम गरिरहँदा अहिले हामीलाई कामको भन्दा बढी चिन्ता आफ्नो थातथलो र परिवारको लाग्न थालेको छ ।

यस्तो संकटपूर्ण घडीमा नेपालको परराष्ट्र मन्त्रालयले देखाएको पछिल्लो सक्रियताले हामीमा केही आशा भने जगाएको छ । विशेषगरी, युद्धप्रभावित क्षेत्रमा रहेका नेपालीहरूको विवरण संकलन गर्न सरकारले सुरु गरेको अनलाइन पोर्टल एउटा सरहानीय कदम हो । परराष्ट्र मन्त्रालयले दिएको जानकारीअनुसार मंगलबारसम्ममात्रै ६१ हजारभन्दा बढी नेपालीले आफ्नो विवरण दर्ता गराउनुले दुईवटा कुरा प्रस्ट पार्छः पहिलो, श्रमिकहरूमा रहेको गहिरो असुरक्षाको भावना र दोस्रो, राज्यसँग जोडिने उनीहरूको तीव्र चाहना ।

परराष्ट्रसचिव अमृतबहादुर राईको संयोजकत्वमा गठन भएको 'इमर्जेन्सी रेस्पोन्स टिम' र मन्त्रालयमा २४सै घण्टा सञ्चालनमा ल्याइएको 'इमर्जेन्सी कन्ट्रोल रुम'ले संकट व्यवस्थापनमा नेपाल सरकारले यसपटक केही गम्भीरता देखाएको आभास हुन्छ । विगतका संकटहरूमा 'अन्तिम समयमामात्र ब्युँझिने' सरकारी प्रवृत्ति यसपटक केही हदसम्म सुध्रिएको देखिनु सुखद् पक्ष हो ।

तर, ६१ हजारको तथ्यांक त केवल सुरुआतमात्र हो । मध्यपूर्वमा झण्डै २० लाख नेपाली छन् । युद्धको डढेलो फैलियो भने युएई, कतार, साउदी, कुवेत, बहराइनलगायत मुलुकमा रहेका नेपालीहरू कसरी सुरक्षित रहने ? के हाम्रा दूतावासहरूसँग यति ठूलो संख्यालाई सुरक्षित आश्रय दिने क्षमता छ ?

सरकारलाई मेरो विनम्र सुझाव छ- केवल पोर्टलमा नाम दर्ता गरेरमात्र जिम्मेवारी पूरा हुँदैन । ती विवरणहरूको आधारमा 'सेफ्टी म्यापिङ' गरिनुपर्छ । कुन क्षेत्रमा कति नेपाली जोखिममा छन् र यदि बन्द हवाईमार्ग खुलेन भने वैकल्पिक स्थलमार्गबाट कसरी उद्धार गर्ने भन्ने ठोस कार्ययोजना सार्वजनिक गरिनुपर्छ । धेरैजसो श्रमिकहरू कम्पनीको आवासमा बस्छन् । संकटको बेला रोजगारदाता कम्पनीले हात झिकिदियो भने ती श्रमिकको गाँस र बासको जिम्मा कसले लिन्छ ? यसबारे सम्बन्धित देशका सरकारहरूसँग अहिल्यै 'कूटनीतिक संवाद' हुनु जरुरी छ ।

हामीले रेमिटचान्स पठाएर देशको विदेशी मुद्रा सञ्चिति बढाएका छौं । आज देशलाई संकट पर्दा हाम्रा परिवारले यही रेमिटचान्सको भरोसा गरेका छन् । तर आज हामीलाई संकट पर्दा राज्य हाम्रो अभिभावक बनेर उभिनुपर्छ । इमर्जेन्सी रेस्पोन्स टिम र इमर्जेन्सी कन्ट्रोल रुम केवल कागज र कोठामा सीमित नभई खाडीका कुना-कुनामा रहेका पीडित श्रमिकको पहुँचमा पुग्नुपर्छ ।

अन्त्यमा, युद्ध कसैको हितमा हुँदैन । तर, यदि परिस्थितिले खराब मोड लियो भने हाम्रा नागरिकलाई 'दोस्रो दर्जाको' व्यवहार नगरियोस् । सरकारको यो सक्रियता प्रचारमुखीमात्र नभई परिणाममुखी बनोस् । ६१ हजारको विवरण संकलन हुनु एउटा उपलब्धि हो, तर ती ६१ हजार र बाँकी लाखौंको जीवन रक्षा गर्नु नै सरकारको असली परीक्षा हो ।

**- कविन्द्र खत्री**
हालः दुबई, युएई



**पानीघट्टमा मकै पिस्दै** | रुकुम पश्चिमको मुसिकोट नगरपालिका–३ स्थित माछमी गाउँमा परम्परागत पानीघट्टमा मकै पिसाउँदै स्थानीय महिला । *तस्बिरः रासस*

# थाइल्याण्डका ३०० भिक्षु लुम्बिनी–रामग्राम शान्ति पदयात्रामा

**भैरहवा (रूपन्देही)–** लुम्बिनीबाट रामग्रामसम्म शान्ति, करुणा र धर्म अभ्यासको सन्देश फैलाउने उद्देश्यले थाइल्याण्डका करिब ३०० भिक्षुले पदयात्रा सुरुआत गरेका छन् । 'चारिक थुडोङ बुद्धभूमि' नाम दिइएको उक्त पदयात्रा लुम्बिनीस्थित थाई मन्दिरबाट सुरु भई दुई दिन एक रातको पैदलयात्रापछि रामग्राम पुग्ने कार्यक्रम रहेको छ । पहिलो रात भैरहवास्थित शान्ति बौद्ध गुम्बामा बस्ने र अर्को दिन रामग्राम स्तुप पुग्ने कार्यक्रम रहेको छ ।

पदयात्रा टोलीका प्रमुख आचार्य चालान अनंकानोले बुद्धभूमि लुम्बिनीबाट यात्रा सुरु गर्न पाउनु आफूहरूका लागि ठूलो सौभाग्य भएको बताए । उनले यो यात्रा मन र आत्मालाई शुद्ध पार्ने, धर्मको अभ्यास गर्ने तथा समाजमा करुणा र दयाको भावना फैलाउने उद्देश्यले आयोजना गरिएको जानकारी दिए ।

'हामी बुद्धका पाइलाहरू पछ्याउँदै धर्म अभ्यास गर्न यहाँ आएका हौं,' उनले भने, 'लुम्बिनीजस्तो पवित्र स्थलको संरक्षण गरिदिने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई साधुवाद र धन्यवाद व्यक्त गर्दछौं ।' थाइल्याण्डको श्रीसाकेत प्रान्तस्थित 'उद्यान धाम डोंग याङ'बाट आएका भिक्षुहरूको टोलीको नेतृत्व आचार्य चरन अनङ्खानोले गरेका छन् । टोलीमा थाइल्याण्डका भिक्षुहरूका साथै लाओस,



मलेसिया र भियतनामका भिक्षुहरू पनि सहभागी छन् ।

भन्ते विचयाका अनुसार यो पदयात्रा मुख्यतः शान्ति र आत्मअनुशासनको अभ्यासका लागि गरिएको हो । 'मानिसले आफ्नो जीवनमा सहनशीलता र आत्मनियन्त्रण कति महत्त्वपूर्ण छ भन्ने अनुभव गर्न यस्तो यात्रा सहयोगी हुन्छ,' उनले भने ।

पदयात्राका सहभागीहरू प्रत्येक पाइला सचेतनतासहित हिँड्दै करुणा र मैत्रीभावको अभ्यास गर्ने लक्ष्यका साथ यात्रा गरिरहेका छन् । आयोजकका अनुसार यो यात्रा बुद्ध धर्मका अनुयायीहरूले बुद्धका जीवन र शिक्षालाई स्मरण गर्दै आध्यात्मिक साधना गर्ने अवसर पनि हो ।

रामग्राम पुगेपछि टोली भारततर्फ प्रस्थान गरी कुशीनगर, वैशालीहुँदै बोधगयासम्म पैदलयात्रा गर्ने कार्यक्रम रहेको जनाइएको छ । यस प्रकारको पदयात्रा आचार्य चरन अनङ्खानोको नेतृत्वमा हरेक वर्ष आयोजना हुँदै आएको टोलीमा सहभागी स्वयंसेवक अकनन्ले जानकारी दिए । *रासस*

# जापनिज इन्सेफलाइटिस संक्रमणपछि खोप अभियान

**नवलपरासी (प्रस)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापनिज इन्सेफलाइटिसको संक्रमण दर बर्सेनि बढ्दै गएपछि ३५ वर्षभन्दा माथिका नागरिकलाई लक्षित गरी खोप अभियान सञ्चालन गरिने भएको छ ।

आगामी चैत १ देखि ५ गतेसम्म जिल्लाभर जापनिज इन्सेफलाइटिसविरुद्धको खोप अभियान सञ्चालन गर्न लागिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख केशव चापागाईंले बताए । अभियानअन्तर्गत जिल्लाभित्र रहेका ३५ वर्षमाथिका एक लाख ५० हजार बढी नागरिकलाई खोप लगाइने लक्ष्य राखिएको छ ।

'चालु आर्थिक वर्षमामात्र जिल्लामा जापनिज इन्सेफलाइटिसका १५ संक्रमित फेला परेका छन् । तीमध्ये छ जनाको मृत्यु भइसकेको छ,' उनले भने, 'संक्रमणदर बर्सेनि बढ्दै जान थालेपछि नवलपरासी (बर्दघाट सुस्तापूर्व)लाई मात्र लक्षित गरेर खोप अभियान सञ्चलन गर्न लागिएको हो ।'

जिल्लामा रोगको जोखिम देखिँदै गएपछि यसको रोकथामका लागि खोप अभियान सञ्चालन गर्न लागिएको जनस्वास्थ्य अधिकृत प्रवीणकुमार खनालले बताए । उनका अनुसार अभियानमार्फत जिल्लाका आठवटै स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन गरिने छ ।

'लक्षित उमेर समूहका सबै नागरिकलाई नजिकको खोप केन्द्रमा गई अनिवार्य रूपमा खोप लगाउन जिल्लाका ३५ वर्ष उमेर र सो माथिका नागरिकलाई आग्रह गरेका छौं,' उनले भने, 'स्थानीय तह, स्वास्थ्य संस्था र सरोकारवाला निकायसँग सहकार्य गरी अभियानलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने तयारी गरेका छौं ।'

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापनिज इन्सेफलाइटिस पुष्टि भएकामध्ये पाँच जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ । त्यसैगरी आव २०८०/८१ मा आठ जनामा संक्रमण भएकामध्ये एक जनाको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख केशव चापागाईंले जानकारी दिए ।

जापनिज इन्सेफलाइटिस क्युलेक्स भन्ने लामखुट्टेबाट सर्ने रोग हो । यी लामखुट्टेहरू मध्यम आकारका, खैरो रङको र पेटतिर भने सेतो चिह्न भएका हुन्छन्, तिनले प्रायः घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन् । विशेषगरी धान बालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख वासस्थान हो, साउन, भदौ र असोजमा जापनिज इन्सेफलाइटिस बढी देखिने गर्दछ ।

यस रोगबाट धेरै व्यक्ति गम्भीर बिरामी नहुने गरे पनि केहीको गम्भीर अवस्था सिर्जना भई दिमागलाई नै असर गरी मृत्यु हुने गरेको प्रमुख चापागाईंले बताए । 'यो रोग लाग्दा धेरैजसोलाई ज्वरो, झाडापखाला, बान्ता, थकित हुने, गर्धन दुख्ने, घाँटी दरो हुने, टाउको दुखाई वा कमजोरी देखिन्छन्,' उनले भने, 'यस रोगका खतराका लक्षण छारे रोग, प्यारालाइसिस र अचेत हुनु रहेको छ ।'

# जनावरबाटजोगिन शुक्लाफाँटामा 'मेसवायर'

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकामा जंगली जनावर प्रभावित क्षेत्रमा एक करोड ६७ लाख ४९ हजार रूपैयाँको लागतमा तारजाली लगाउन थालिएको छ । जंगली जनावर अतिप्रभावित तीन वडामा 'मेसवायर' तारजाली लगाउन सुरु गरिएको हो ।

नगरपालिकाको पूर्वाधार विकास शाखाका प्रमुख दीपक धामीका अनुसार वडा नं १ मा दुई हजार ९०० मिटर, वडा नं ९ मा दुई हजार ५०० मिटर र वडा नं १२ मा ४०० मिटर गरी पाँच हजार ८०० मिटर मेसवायर लगाउन सुरु गरिएको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र चुरे क्षेत्र नजिकका सामुदायिक वन क्षेत्राट स्थानीय किसानका खेतमा पस्ने जंगली हात्ती, चित्तल, बँदेल, नीलगाईलगायत जनावरलाई रोक्न मेसवायर लगाइएको हो ।

गत आर्थिक वर्षमा पनि सुदूरपश्चिम प्रदेश सरकारको अनुदान ७५ लाख रूपैयाँ र नगरपालिकाको ७५ लाख रूपैयाँ खर्चेर नगरपालिकाको वडा नं ८ र १२ मा ५.८८ किलोमिटर मेसवायर लगाइएको थियो । मेसवायर लगाइएसँगै वन्यजन्तु प्रभावित क्षेत्रमा राति प्रकाशको व्यवस्था गर्न नगरपालिकाले ३५ लाख रूपैयाँको लागतमा ३० स्थानमा सौर्यबत्ती जडान थालेको छ । *रासस*

# रूपन्देहीमा कांग्रेस–एमालेसहित १४० भन्दा बढी उम्मेदवारले जोगाएनन् जमानत

■ **दामोदर खनाल**

**रूपन्देही–** पाँचवटा निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पाँचवटै निर्वाचन क्षेत्रमा विजय हासिल गरेको छ । पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उम्मेदवारले भने जमानत नै जोगाउन सकेनन् ।

गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रत्यक्षतर्फ रूपन्देहीमा नेपाली कांग्रेस तथा नेकपा एमालेसहित विभिन्न दल र स्वतन्त्र उम्मेदवार गरी १४० भन्दा बढीको जमानत जफत भएको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार एमालेका चर्चित नेता बासुदेव घिमिरेकोसमेत जमानत जफत भएको छ । मुलुक संघीयतामा गएपछि तिलोत्तमा नगरपालिकाको नगरप्रमुख भएर देशकै नमूना पालिका बनाएका घिमिरे रूपन्देही क्षेत्र नम्बर ३ बाट उम्मेदवार थिए । यसअघि रूपन्देही क्षेत्र नम्बर ५ बाट निर्वाचित भएका घिमिरेले सो निर्वाचनमा नौ हजारभन्दा बढी मत ल्याएका थिए । यो पटक आफ्नो चर्चित पहिचानका बाबजुद पनि अपेक्षित मत प्राप्त गर्न सकेनन् ।

यस क्षेत्रबाट रास्वपाका डा. लेखजंग थापा ५८ हजार ८१४ मतसहित विजयी भए । रूपन्देही ३ मा थापाबाहेक अन्य ३५ जना उम्मेदवारकै जमानत जफत भएको हो । रूपन्देही ३ मा कांग्रेसका सुशील गुरुङ, राप्रपाका गौरव बोहरा, नेकपाका फैज अहमद खाँलगायत चर्चित अनुहारले कूल सदर मत ९० हजार ३०५ को १० प्रतिशत मत प्राप्त गर्न नसक्दा जमानत जफत भएको हो ।

यसैगरी रूपन्देही क्षेत्र नम्बर १ मा रास्वपाकै सुनिल लम्सालले ५४ हजार ८४५ मतसहित विजयी हासिल गर्दा नेकपा एमालेका दधिराम न्यौपानेसहित २९ जनाको जमानत जफत भएको छ । यहाँ खसेको कूल सदर मत ९२ हजारमध्ये १० प्रतिशत कटाउन नसक्नेमा राप्रपा, नेकपालगायतका उम्मेदवार रहेका छन् ।

रूपन्देही क्षेत्र नम्बर २ मा कूल सदर मत ७८ हजार ४१३ मध्ये १० प्रतिशत नकटाउने ३६ जनाको जमानत जफत भएको छ । यस क्षेत्रमा रास्वपाका सुलभ खरेल ५६ हजार ५५० मतसहित विजयी भएका थिए । मुलुकका चर्चित निर्वाचन क्षेत्रहरूमध्ये चर्चामा रहेको यस क्षेत्रमा पूर्वअर्थमन्त्री तथा एमाले उपाध्यक्ष विष्णु पौडेल पराजित भएका छन । रूपन्देहीमा दर्जनौं विकास आयोजनाहरू ल्याएर विकासवादी नेताका रूपमा पहिचान बनाएका पौडेलले जमानत जोगाए पनि ४३ हजार मतले पराजित भए ।

यसैगरी रूपन्देही क्षेत्र नम्बर ४ मा १९ जना उम्मेदवारको जमानत जफत भएको छ । यस क्षेत्रबाट रास्वपाका कन्हैया बनिया निर्वाचित भएका छन् । उनले २८ हजार ६६ मत प्राप्त गरी विजयी हुँदा कूल सदर मत ७२ हजार ३८ को १० प्रतिशत मत प्राप्त नगरेका उम्मेदवारहरूको जमानत जफत भएको हो । यस क्षेत्रमा जनता समाजवादी पार्टी (जसपा)का सर्वेन्द्रनाथ शुक्ला, जनमत पार्टीका भोपेन्द्रप्रसाद यादवलगायत चर्चित अनुहारले जमानत जोगाउन सकेनन् ।

रूपन्देही क्षेत्र नम्बर ५ मा रास्वपाका तौफिक अहमद खानले ३८ हजार ८०६ मतसहित विजयी हासिल गर्दा २४ जना उम्मेदवारको जमानत जफत भएको छ । यहाँ कूल सदर मत ७८ हजार ९२५ रहेको थियो । यस क्षेत्रमा नेकपाका मुहम्मद वकिल मुसलमान, जनमत पार्टीका ओमप्रकाश यादव, राप्रपाका मिनप्रसाद घिमिरेलगायतले जमानत जोगाउन सकेनन् । मतदाता शिक्षाको कमीका कारण रूपन्देहीको पाँचवटै निर्वाचन क्षेत्रमा ठूलो संख्यामा मत बदरसमेत भएको छ । रूपन्देही-१ मा कूल मतको ६६.३२ प्रतिशत अर्थात् ९७ हजार ३७७ मत खसेको थियो । यसैगरी रूपन्देही-२ मा ८६ हजार ५३० (६४.०७ प्रतिशत), क्षेत्र नं ३ मा ९५ हजार ०१°३ (६७.८२ प्रतिशत), क्षेत्र नं ४ मा ७७ हजार ३९३ (६६.६१ प्रतिशत), क्षेत्र नं ५ मा ८१ हजार ०३५ (६०.२७%) गरी कूल चार लाख ३७ हजार ३४८ (६५.०३ प्रतिशत) मत खसेको थियो ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निजामती अस्पतालको सेवा विस्तार

**देउखुरी (दाङ)–** काठमाडौंको नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पताल र दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच सेवा विस्तारसम्बन्धी औपचारिक सम्झौता भएको छ । बुधबार निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. मोहनचन्द्र रेग्मी र प्रतिष्ठानका निमित्त उपकुलपति एवं रजिस्ट्रार प्रा. श्याम लम्सालले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

दुवै पक्षले गरेको सम्झौताअनुसार अब निजामती कर्मचारीले निजामती अस्पतालमार्फत पाउँदै आएका सेवा र सुविधाहरू राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त गर्ने प्रतिष्ठानका निमित्त निर्देशक प्रा.डा. रमेश कँडेलले जानकारी दिए । उपचारका साथै दुवै संस्थाले जनशक्ति, तालिम र स्वास्थ्य अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने सम्झौतामा उल्लेख छ ।

निजामती अस्पतालले कर्मचारीलाई उपचारमा ४० देखि ५० प्रतिशतसम्म छुट दिँदै आएको छ । बहालवाला अधिकृतस्तरका कर्मचारीलाई ४० प्रतिशत र सोभन्दा तल्लो तहका कर्मचारीलाई सेवा शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । सेवा निवृत्त कर्मचारीले सबै किसिमका सेवामा ५० प्रतिशत छुट पाउने अस्पताल प्रशासनले जनाएको छ ।

सेवा प्राप्त गर्न कर्मचारीले विशेष सफ्टवेयर प्रणालीमा आबद्ध हुनुपर्ने निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. रेग्मीले बताए । 'कर्मचारीले आफ्नो र परिवारका सदस्यको नामसहितको फाराम भर्नुपर्ने हुन्छ । उक्त विवरणलाई अस्पतालले अप्टिकल फाइबर नेटवर्कमार्फत 'निजामती किताबखाना'को डेटाबेससँग जोड्ने छ । अस्पतालमा उपचारका लागि जाँदा सफ्टवेयरमा कर्मचारीको नाम प्रविष्ट भएपछि किताबखानाले रुजु गरेपछि कर्मचारीसरहको सुविधा प्राप्त हुने छ,' उनले भने ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आगामी वैशाख १ गतेदेखि यो सेवा सुरु गर्ने लक्ष्य राखेको छ । प्रतिष्ठानका निमित्त उपकुलपति प्रा. लम्सालका अनुसार देशभरका स्वास्थ्य विज्ञान प्रतिष्ठानमध्ये निजामती कर्मचारीको सेवाका लागि यस्तो पहल गर्ने दाङ पहिलो भएको छ ।

निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. रेग्मीले राज्यको दायित्व पूरा गर्न सातै प्रदेशमा सेवा विस्तार गर्ने योजनाअनुरूप राप्तीसँग सम्झौता गरिएको बताए । विगत दुई वर्षदेखि एमबिबिएस र एमडी/एमएसजस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि यो सम्झौताले विकास र विस्तारमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ । *रासस*


**मलेसियामा रोजगार**

कम्पनी : REFINE ENTERPRISE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339972 | चलानी नं. ६०२५३३०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TRANSPAK WORLDWIDE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339792 | चलानी नं. ६०२५३३०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 43 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUNGEI BONGKOH ESTATE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339991 | चलानी नं. ६०२५३३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 20 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALHAYA
श्रम ईजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, E-mail : alhaya.recruitment@gmail.com



**छथर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**शुक्रबारे, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८२/११/२७)**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता | कबोल अंक (मु.अ.कर र प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| १. | CRM/NCB/W/02/2082/083 | Shukrabare Khaireni Road Upgrading Works. | Dhakal Group Of Builders And Suppliers, Mahalaxmi Municipality-05, Leguwa, Dhankuta | ३३,३९,८५३१५ |
| २. | CRM/NCB/W/05/2082/083 | Tukre Suddap Road Upgrading Works. | Pradhan Construction, Dhankuta Municipality 5, Dhankuta | ४९,७२,८९३११९ |

प्रस्तुत विषयमा यस छथर गाउँपालिकाको कार्यालयबाट मिति २०८२/१०/०२ गते प्रकाशित E-Bid सूचना बमोजिम, विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रदाताहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएको देहायको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गरिन्छ । यस सूचनामा चित्र नबुझ्ने कुनै बोलपत्रदाता भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम यस आशयको सूचना जारी भएको मितिले ७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नहुन अन्यथा उक्त ऐनको दफा २७ बमोजिम बोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**अग्नी प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

बिहीबार, २८ फागुन २०८२ (Thursday, 12 March 2026)


रूपशाला

## 'कमला मिस'को छायांकन सकियो

वरिष्ठ कलाकार तथा निर्देशक निर शाहको निर्देशित फिल्म 'कमला मिस'को छायांकन सकिएको छ । १ फागुनदेखि सुरू भएको फिल्मको छायांकन मंगलबार सकिएको हो । फिल्मका लाइन प्रोड्युसर पुस्कर लामा (प्रेम भोम्जन)ले करिब २३ दिनको छायांकनमा फिल्म सकिएको बताए । उनले चुनावका कारण तीन दिन छायांकन स्थगित भए पनि निर्धारित तालिकाभित्रै काम सकिएको जानकारी दिए । मनोवैज्ञानिक कथावस्तुमा आधारित 'कमला मिस'मा निर्देशक निर शाह सहित रमेश बुढाथोकी, बासना तिमिल्सिना, , शिवम सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी र संजय खतिवडा लगायत कलाकारहरूको मुख्य भूमिका छ ।



# अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौँमा बुधबारदेखि 'आइज टु एज' शीर्षकमा अन्तरराष्ट्रिय चित्रकला प्रदर्शनी सुरु भएको छ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको समसामयिक चित्रकला विभाग र शिल्प-हस्तकला विभागको सहकार्य तथा कोचिन फाइनआर्ट क्लब, भारतको आयोजनामा सुरु भएको अन्तरराष्ट्रिय कला प्रदर्शनीमा नेपाल, भारत र बंगलादेशका कलाकारका सिर्जनाहरू समावेश गरिएको छ ।

प्रदर्शनी उद्घाटन गर्दै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र भारतबीचको सांस्कृतिकसम्बन्ध प्राचीन विरासतदेखि नै गहिरो बताउँदै यस्ता प्रदर्शनीले थप प्रगाढ बनाउने बताए ।

उनले हिमवत्खण्डदेखि नै दुई देशबीच भाइचाराकोसम्बन्ध कायम रहेको उल्लेख गर्दै वैदिक कालदेखि नै सांस्कृतिक र कलात्मक सूत्रहरू जोडिँदै आएको र दक्षिण एसियाली कलामा यसको उल्लेखनीय प्रतिविम्ब देखिने गरेको बताए ।




भारतीय कलाकार एवं प्रदर्शनीका क्युरेटर मनोज भिएनले प्रतिष्ठानसँगको सहकार्यमा यस कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपाल र भारतबीच परम्परागत रूपमा कला र संस्कृतिका धेरै विषयहरू मिल्दाजुल्दा भएकाले पनि प्रदर्शनी प्रभावकारी भएको बताए ।

कार्यक्रमका संयोजक एवं प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङमाङले यस किसिमका प्रदर्शनीले दुई देशको कला, संस्कृतिको आदानप्रदानमा सहयोग पुग्ने बताए । उनले आपसी सम्बन्धर संस्कृति विस्तारकै लागि यो प्रदर्शनी गरिएको बताए ।

प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय बान्तवाले कोचिनसँगको सहकार्यले आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्न थप ऊर्जा र प्रेरणा मिलेको बताए । उनले भारतसँग धेरै विषय मेल खाने र संस्कृति पनि समानप्रकारका रहेको बताए । भारतीय कलाकार पवल पागलले नेपाल भारतको सांस्कृतिक महत्व एकैखालको रहेको स्मरण गर्दै कार्यक्रममा कविता वाचन गरेका थिए । अर्का कलाकार उदय राजले भारतको कालजयी गीत बाँसुरी बजाएर प्रस्तुत गरेका थिए ।

नेपाल, भारत र बंगलादेशका कलाकारका ३० कलाकृति रहेको यस प्रदर्शनी फागुन ३० गतेसम्म चल्ने छ । प्रदर्शीत कलाकृति समसामयिक, धार्किक, साँस्कृतिक र जनजीवनसँग सम्बन्धित रहेका छन् । कला प्रदर्शनीका लागि भारतबाट पाँच जना कलाकार नेपाल आएका छन् ।

# नवौं 'निम अवार्ड'का लागि आवेदन आह्वान

**काठमाडौं (प्रस)–** पावर ईन्टरनेशनल मिडिया नेपाल (पिम नेपाल) को प्रस्तुतिमा हरेक वर्ष आयोजना हुँदै आएको नेपालको पहिलो समावेशी म्युजिक अवार्ड अन्तर्गत 'राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड)-२०२६' को आवेदन आव्हान गरिएको छ ।

राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) को यो नवौं संस्करण हो । सभ्य, भव्य र सुसंस्कृत रूपमा आयोजना हुँदै आइरहेको निम अवार्डको समापन समारोह आगामी २०८३ साल वैशाखको तेस्रो साता काठमाडौंमा आयोजना गरिने कार्यक्रम संयोजक तथा पिम नेपालकी महासचिव कमला जोशीले जानकारी दिएकी छिन् ।

देशका विभिन्न भेगका कलाकारहरूको सहभागिता रहँदै आएको निम अवार्डमा नेपालमा बोलिने विविध भाषाभाषीका गीत-संगीतलाई विशेष प्राथमिकताका साथ समेटिँदै आएको छ । अहिलेसम्मकै बृहत् संख्यामा विभिन्न भाषाका गीतहरूको उत्साहजनक सहभागिता भएकाले यसलाई नेपालकै पहिलो समावेशी अवार्डका रूपमा लिइन्छ । नेपालभित्र बोलिने विभिन्न भाषा र भाकाका गीतहरूलाई कार्यक्रममा सहभागी गराउँदै आएको यस अवार्डमा काँठे भाका, देउडा भाका, नेपाल भाषा, तामाङ भाषा, मैथिली, भोजपुरी, राई, लिम्बू, थारू (चौधरी), शेर्पा, मगर, गुरुङ, सतार, सुनुवार लगायतका विभिन्न भाषाका गीत तथा भिडियोहरू सहभागी हुँदै आएका छन्। यस वर्ष पनि ती भाषा तथा भाकाका गीत-संगीतलाई अवार्ड कार्यक्रममा समेटिने आयोजक संस्थाले जनाएको छ ।

अंग्रेजी क्यालेन्डरअनुसार सन् २०२५ जनवरी १ देखि २०२५ डिसेम्बर ३० भित्र सार्वजनिक भएका (एक वर्षभित्रका) गीत तथा म्युजिक भिडियोहरू उक्त अवार्डमा सहभागी हुन योग्य हुनेछन् ।

## रंगशाला

# दुल्लु नगरपालिकाको तेस्रो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन



■ जनार्दन उपाध्याय

**दैलेख –** दैलेखको दुल्लु नगरपालिकामा तेस्रो राष्ट्रपति रनिंगसिल्ड खेलकुद प्रतियोगिता आजबाट सुरु भएको छ । 'राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ दुल्लु नगरपालिकाको खालिचाखा खेलमैदानमा एक औपचारिक कार्यक्रमका बीच प्रतियोगिताको उद्घाटन गरिएको हो ।

दुल्लु नगरपालिका खेलकुद विकास समितिको आयोजनामा सञ्चालन भएको उक्त प्रतियोगितामा नगरभित्रका १० वटा माध्यमिक विद्यालय र १ वटा आधारभूत विद्यालय गरी जम्मा ११ वटा विद्यालयका विद्यार्थी खेलाडीहरूले सहभागिता जनाएका छन् । प्रतियोगितामा छात्र तथा छात्रा तर्फ कबडी, भलिबल, ज्याभलिन, सर्टपुट लगायत एथलेटिक्स अन्तर्गतका विभिन्न खेलहरू समावेश गरिएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन दैलेख निर्वाचन क्षेत्र नं. २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य लक्ष्मी प्रसाद पोखेलले गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै सांसद पोखेलले खेलकुद क्षेत्रको विकासका लागि पूर्वाधार निर्माण आवश्यक रहेको उल्लेख गर्दै खालिचाखा खेलमैदानलाई क्रमशः अत्याधुनिक खेलमैदानको रूपमा विकास गर्न पहल गरिने बताए । उनले खेलकुदले अनुशासन, प्रतिस्पर्धा र सहकार्यको भावना विकास गर्ने भएकाले विद्यार्थीहरूलाई खेलकुदमा सक्रिय रूपमा सहभागी हुन आग्रह गरे ।

कार्यक्रममा बोल्दै दुल्लु नगरपालिकाका नगरप्रमुख भरत प्रसाद रिजालले विविध कारणले यस वर्ष प्रतियोगिता केही ढिलो गरी सञ्चालन भए पनि विगतका वर्षहरू जस्तै अनुशासित र मर्यादित ढंगले प्रतियोगिता सम्पन्न हुने विश्वास व्यक्त गरे । उनले नगरपालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको जानकारी दिए । साथै खेलकुदमार्फत विद्यार्थीहरूमा शारीरिक तथा मानसिक विकास हुने भएकाले नगरपालिकाले आगामी दिनहरूमा पनि यस्ता गतिविधिहरूलाई निरन्तरता दिने बताए ।

यसैगरी नगर उपप्रमुख बिना कार्कीले खेलकुदले विद्यार्थीहरूको प्रतिभा उजागर गर्ने महत्वपूर्ण माध्यम भएको उल्लेख गर्दै खेलाडीहरूले खेलको माध्यमबाट आफ्नो पहिचान स्थापित गर्न सक्नुपर्नेमा जोड दिइन् । उनले अनुशासन, मेहनत र खेल भावना नै सफल खेलाडी बन्ने मुख्य आधार भएको बताउँदै सहभागी विद्यार्थीहरूलाई निष्पक्ष प्रतिस्पर्धा गर्न आग्रह गरिन् ।

प्रतियोगिताको उद्घाटन समारोहमा दुल्लु नगरपालिकाका जनप्रतिनिधिहरू, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा स्थानीय बासिन्दाहरूको उल्लेख्य उपस्थिति रहेको थियो । उद्घाटनपछि विभिन्न खेल प्रतियोगिताहरू समेत सुरु गरिएको आयोजकले जनाएको छ ।

# अरुणा शाहीको प्रतिमा अनावरण

**म्याग्दी (प्रस)–** राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीको गृहजिल्ला म्याग्दीको सदरमुकाम बेनीमा आज स्तम्भ अनावरण गरिएको छ । रघुगंगा गाउँपालिका-३, पिप्लेमा जन्मिएकी शाहीले खेलकुदको माध्ययमबाट राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा जिल्लाको गरिमा बढाउन भूमिका निर्वाह गरेकामा जिल्ला खेलकुद विकास समिति म्याग्दीले उनको प्रतिमा निर्माण गरेको हो । दुई हातमा भलिबल रहेको पाँच फिट आठ इन्च उचाइको फाइबरबाट निर्मित प्रतिमा निर्माण गरिएको हो । उक्त प्रतिमा बेनी नगरपालिकाका प्रमुख सुरत केसीले अनावरण गरे ।

करिब रु आठ लाख अनुमान गरिएको प्रतिमा सहयोगदाताबाट आर्थिक सहयोग संकलन गरी निर्माण गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठले जानकारी दिए । करिब १५ वर्षदेखि भलिबल खेल्दै आएकी शाहीले एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डसहित विभिन्न प्रतिष्ठित अवार्ड प्राप्त गरिसकेका छन् ।

सन् २०१३ मा माल्दिभ्सविरुद्धको मैत्रीपूर्ण खेलबाट राष्ट्रिय टिममा डेब्यु गरेकी शाहीको कप्तानीमा नेपालले एभिसी सिनियर वुमन्स सेन्ट्रल जोनमा दुई उपाधि, दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक रजत, काभा वुमन्स भलिबल नेसन्स लिगमा रजत, च्यालेन्ज कपमा कांस्य पदक जितेको छ ।

## छथर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२/११/२७)

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता | कबोल अंक (मु.अ.कर र प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| १. | CRM/NCB/ W/03/ 2082/083 | Construction of Building Works at Saraswoti Secondary School Angdim. | Arjun Nirman Sewa, Chhathar Gaupalika, Terhathum | ४७,३९,५६१९५ |
| २. | CRM/NCB /W/04/ 2082/083 | Construction of Building Works at SiddhaGanesh Secondary School Phakchamara. | Arjun Nirman Sewa, Chhathar Gaupalika, Terhathum | ४७,९७,०८६।२९ |
| ३. | CRM/NCB/ W/06/ 2082/083 | Chhathar Bus Park Road Upgrading Works. | BB Construction, Dhankuta-4 | २७,७७,०५७।२ |

प्रस्तुत विषयमा यस छथर गाउँपालिकाको कार्यालयबाट मिति २०८२/१०/०६ गते प्रकाशित E-Bid सूचना बमोजिम, विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रदाताहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएको देहायको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गरिन्छ । यस सूचनामा चित्त नबुझ्ने कुनै बोलपत्रदाता भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम यस आशयको सूचना जारी भएको मितिले ७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नहुन अन्यथा उक्त ऐनको दफा २७ बमोजिम बोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**अग्नी प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**


## युएइमा रोजगार

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२६ LT. No. 327490 चलानी नं. ६०२४१३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/packer/picker | 6 | 0 | 1000 | ३७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaner | 13 | 0 | 1000 | ३७,४७० | | | | | | | |
| 3 | Stocker | 26 | 0 | 1000 | ३७,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ४ गते (18th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 327490 मिति: २०८२/११/२७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

RAJ GROUP Govt. License No. 1245/073/74
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara-3, Kathmandu, Nepal
Tel : +97715903550/15903664, Email : md@rajgroupnepal.com



## MAURITIUS मा रोजगार

कम्पनी : CHARTRADE LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२७ LT. No. 330731 चलानी नं. ६०२४४४८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 21 | 0 | 17500 | ५६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ७,८ र ९ गते (21/22/23 March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060
**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



## बहराइनमा रोजगार

कम्पनी : VIBRANT SERVICES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339824 चलानी नं. ६०२५३३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 24 | 0 | 150 | ५८,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 60 | 14 | 100 | ३८,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८



## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339977 चलानी नं. ६०२५३३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Foreman | 3 | 0 | 227288 | २,११,१४५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : THE BEE GROUP SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339929 चलानी नं. ६०२५३३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 10 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RAIL CONSULTANCY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339930 चलानी नं. ६०२५३३३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 36 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HUA HUAT MANUFACTURTNG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339931 चलानी नं. ६०२५३३३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 12 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINCERELY DYEING & FINISHING SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२७ LT. No. 339932 चलानी नं. ६०२५३३३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 30 | 0 | 1700 | ६३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ५ गते (19th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

# तेल भण्डार प्रयोग गर्न जी-७ तयार




**पेरिस–** मध्यपूर्वमा जारी युद्धका कारण कच्चा तेलको मूल्य तीव्ररूपमा बढ्न थालेपछि जी-७ देशका ऊर्जा मन्त्रीहरूले बजार स्थिर बनाउन आवश्यक परे रणनीतिक तेल भण्डार प्रयोग गर्नेसम्मका 'सबै आवश्यक कदम' चाल्न तयार रहेको बताएका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) सँग समन्वय गर्दै ऊर्जा आपूर्ति सुरक्षित राख्ने र मूल्यवृद्धि नियन्त्रण गर्ने उपायमा उनीहरू सहमत भएको जनाइएको छ ।

फ्रान्सको अध्यक्षतामा रहेको जी-७ समूहका ऊर्जा मन्त्रीहरूले बुधबार जारी गरेको संयुक्त विज्ञप्तिमा ऊर्जा बजारमा देखिएको अस्थिर अवस्थालाई ध्यानमा राख्दै सक्रिय कदम चाल्ने तयारी गरिएको उल्लेख गरिएको छ । विज्ञप्तिमा रणनीतिक तेल भण्डारको प्रयोगलाई समेत सम्भावित उपायका रूपमा समर्थन गरिएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि मध्यपूर्वमा युद्धका कारण देखिएका आर्थिक प्रभावबारे छलफल गर्न जी-७ देशका नेताहरूको भिडियो सम्मेलन बोलाउने तयारी गरिएको जानकारी दिए । उक्त बैठकमा ऊर्जा आपूर्ति र तेल बजारको अवस्थाबारे विशेष रूपमा छलफल हुने अपेक्षा गरिएको छ ।

यसअघि मंगलबार पेरिसस्थित अन्तर ाष्ट्रिय ऊर्जा एजेन्सीका सदस्य राष्ट्रहरूले आपत्कालीन बैठक गर्दै आपूर्ति सुरक्षाको अवस्थाबारे समीक्षा गरेका थिए । मध्यपूर्व युद्धका कारण विश्व ऊर्जा बजारमा परेको असर मूल्यांकन गर्नुका साथै आवश्यक परे आपतकालीन तेल भण्डार सार्वजनिक गर्ने सम्भावनाबारे पनि छलफल गरिएको थियो ।

जी-७ ऊर्जामन्त्रीहरूले आफ्नो विज्ञप्तिमा जी-७ सदस्य राष्ट्रहरू, आइइएका सदस्य देशहरू तथा अन्य साझेदारहरूसँग घनिष्ठ समन्वय जारी रहेको बताएका छन् । उनीहरूका अनुसार आइइए सदस्य राष्ट्रहरूसँग मिलेर आवश्यक परे सबै उपायहरू लागू गर्न तयार रहने सहमति भएको छ । साथै जी-७ सदस्यहरूले जारी छलफलबाट आउने सिफारिसहरूलाई सावधानीपूर्वक विचार गर्ने पनि उल्लेख गरिएको छ ।

तर फ्रान्सका अर्थमन्त्री रोलाण्ड लेस्क्योरले हालसम्म कुनै औपचारिक निर्णय भने नभएको बताएका छन् । उनका अनुसार ऊर्जा आपूर्ति सुरक्षित राख्नका लागि विश्वबजारमा स्पष्ट सन्देश पठाउन आवश्यक रहेको छ ।

लेस्क्योरका अनुसार यदि होर्मुज जलडमरूमध्य खुला राख्न सम्भव नभए अन्य स्रोतबाट आउने तेलमार्फत विश्वबजारमा आपूर्ति कायम राखिने प्रयास गरिने छ । उनले यस्तो सन्देशले बजारमा देखिएको अनिश्चितता कम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

यसैबीच वाल स्ट्रिट जर्नलले मंगलबार प्रकाशित गरेको रिपोर्टमा आइइएले युद्धका कारण बढ्दै गएको तेल मूल्य नियन्त्रण गर्न इतिहासकै ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्ताव गरेको उल्लेख गरेको छ । उक्त प्रस्ताव सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि आइइए सदस्य राष्ट्रहरूले जारी गरेको १८ करोड २० लाख ब्यारेल तेलभन्दा ठूलो हुन सक्ने बताइएको छ । आइइएले भने यसबारे एएफपीको टिप्पणी अनुरोधलाई तत्काल प्रतिक्रिया दिएको छैन ।

गत महिनाको अन्त्यमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि कच्चा तेलको बजारमा तीव्र उतारचढाव देखिएको छ । त्यसको जवाफमा इरानले तेलसम्पन्न खाडी क्षेत्रका लक्ष्यहरूमा आक्रमण गर्नुका साथै विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने होर्मुज जलडमरूमध्यलाई प्रभावकारीरूपमा अवरुद्ध गरेको बताइएको छ ।

राष्ट्रपति म्याक्रोनले यसै साता जी-७ देशहरूले आवश्यक परे आपत्कालीन तेल भण्डार प्रयोग गरेर तेल मूल्यमा हुने अत्यधिक वृद्धिको सामना गर्न सक्ने सम्भावनाबारे संकेत गरेका थिए । यस विषयमा जी-७ अर्थमन्त्रीहरूले सोमबार छलफल गरेका थिए भने मंगलबार ऊर्जा मन्त्रीहरूबीच पनि बैठक भएको थियो । वाल स्ट्रिट जर्नलको रिपोर्टपछि तेल बजार केही स्थिर हुन थालेको छ । बुधबार एसियाली सेयर बजारहरूमा पनि त्यसको सकारात्मक प्रभाव देखिएको छ ।

हाल आइइए सदस्य राष्ट्रहरूसँग करिब एक अर्ब २० करोड ब्यारेल सार्वजनिक आपतकालीन तेल भण्डार रहेको छ । यसका अतिरिक्त सरकारी निर्देशनअनुसार उद्योग क्षेत्रले राखेको करिब ६० करोड ब्यारेल तेल भण्डार पनि उपलब्ध छ । सन् १९७३ को विश्वव्यापी तेल संकटपछि प्रमुख आपूर्ति अवरोधको अवस्थामा समन्वित प्रतिक्रिया दिन पेरिसमा आधारित अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी स्थापना गरिएको थियो ।

ऊर्जा सुरक्षा सुनिश्चित गर्न आइइएले आफ्ना सदस्य राष्ट्रहरूलाई कम्तीमा ९० दिनको शुद्ध तेल आयात बराबर आपत्कालीन तेल भण्डार राख्नुपर्ने व्यवस्था गरेको छ । *रासस/एएफपी*

# इरानको नयाँ आक्रमणले तेल बजारमा तनाव

**तेहरान–** मध्यपूर्वमा जारी युद्धकाबीच इरानले बुधबार इजरायल र खाडी क्षेत्रका लक्ष्यहरूतर्फ नयाँ आक्रमण सुरु गरेको छ । साउदी अरबको तेल क्षेत्रसमेत लक्षित भएको बताइँदै गर्दा विश्व ऊर्जा बजारमा उत्पन्न अस्थिरता नियन्त्रण गर्न ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावसम्बन्धी खबरहरूले बजारलाई केही हदसम्म शान्त बनाउने प्रयास भइरहेको छ ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको युद्ध अहिले क्षेत्रभर फैलिएको छ । यसको प्रभाव ऊर्जा बजारदेखि दैनिक जनजीवनसम्म पुगेको छ । कतिपय स्थानमा इन्धनको राशनिङ सुरु भएको छ भने विद्यालयहरूसमेत बन्द भएका छन् ।

युद्धको आर्थिक असर, विशेषगरी ऊर्जा आपूर्तिको अवस्थाबारे छलफल गर्न जी-७ देशका नेताहरू बुधबार भिडियो सम्मेलनमार्फत बैठक बसेका छन् । संयुक्त राज्य अमेरिकाले मंगलबार होर्मुज जलडमरूमध्यमा बारुदी सुरुङ बिछ्याउन सक्ने क्षमता राख्ने इरानका जहाजमाथि प्रहार गरेको जनाएको छ । अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा इरानी डुंगाहरू ध्वस्त पारिएको देखिएको बताइएको छ । अमेरिकाका अनुसार विश्वको झण्डै पाँचौं भाग तेल ओसारपसार हुने यस जलमार्ग नजिकै १६ वटा माइन बिछ्याउने जहाज नष्ट गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत चेतावनी दिँदै यदि जलडमरूमध्यमा सुरुङ राखिएको पुष्टि भए र त्यसलाई तुरुन्त हटाइएन भने इरानले 'पहिले कहिल्यै नदेखिएको स्तरको सैन्य परिणाम' भोग्नुपर्ने बताए । अमेरिकी निर्वाचन नजिकिँदै गर्दा बढ्दो तेल मूल्यले ट्रम्पमाथि राजनीतिक दबाब पनि बढाइरहेको छ । मंगलबार कच्चा तेलको मूल्य करिब पाँच प्रतिशत बढे पनि भण्डार सार्वजनिक गर्ने सम्भावनाको खबरपछि बुधबार केही घटेको छ ।

ट्रम्पले अमेरिकी सेनाले जलडमरूमध्य हुँदै जाने तेल ट्यांकरलाई सुरक्षा दिन सक्ने बताएका थिए । तर अमेरिकी प्रशासनले ऊर्जामन्त्रीले यस्तो सुरक्षा व्यवस्था घोषणा गरेको भनी सामाजिक सञ्जालमा फैलिएको पोस्ट असत्य भएको स्वीकार गरेको छ ।

युद्धको जोखिम समुद्री यातायातमा पनि देखिएको छ । बेलायतको समुद्री सुरक्षा एजेन्सीका अनुसार बुधबार बिहान संयुक्त अरब इमिरेट्सको तट नजिक एउटा कन्टेनर जहाजलाई 'अज्ञात प्रक्षेप्य' ले प्रहार गरेको छ । यसले क्षेत्रीय जलमार्ग अझै असुरक्षित रहेको संकेत गरेको छ ।

यद्यपि ट्रम्पले सोमबार युद्ध छोटो रहने दाबी गरेका थिए, तर अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले तेहरानमा अभूतपूर्व गोलीबारी हुन सक्ने चेतावनी दिएका छन् । यसैबीच इरानले युद्धविरामको कुनै संकेत नदिएको स्पष्ट पारेको छ । इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबाफले सामाजिक सञ्जाल एक्समा लेख्दै इरान युद्धविराम खोजिरहेको छैन भन्दै आक्रमणकारीलाई सजाय दिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

इरानी सेनाले इजरायलका सहरहरूतर्फ क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ । जेरुसेलममा हवाई हमलाको साइरन र विष्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन् । आपत्कालीन सेवाहरूले तत्काल ठूलो क्षतिको विवरण सार्वजनिक नगरे पनि तेल अभिभमा केही मानिस घाइते भएको स्थानीय टेलिभिजनले जनाएको छ ।

इरानको रिभोलुसनरी गार्डस्ले बहराइन र इराकी कुर्दिस्तानतर्फ पनि आक्रमण गरेको दाबी गरेको छ । कुवेतस्थित अमेरिकी सैन्य अड्डासमेत लक्षित गरिएको इरानी मिडियाले जनाएको छ, यद्यपि कुवेतले आठवटा ड्रोन खसालेको मात्र पुष्टि गरेको छ । साउदी अरबले पनि शायबाह तेल क्षेत्रतर्फ आएका ड्रोन र ब्यालेस्टिक मिसाइलहरू अवरोध गरिएको जनाएको छ ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको आक्रमणपछि यो युद्ध सुरु भएको थियो । त्यसपछि उनका छोरा मोजताबा खामेनीलाई उत्तराधिकारीको रूपमा नाम दिइएको छ, तर उनी अझै सार्वजनिक रूपमा देखिएका छैनन् ।

तेहरानमा बम विष्फोटको त्रास अझै कायम छ । त्यहाँकी एक महिलाले बम आक्रमणले सामान्य आवासीय भवनलाई लक्षित नगरे पनि विष्फोटको आवाजले अत्यन्त डर पैदा गरेको बताइन् । इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन् भने १० हजारभन्दा बढी नागरिक घाइते भएका छन् । पेन्टागनका अनुसार सात अमेरिकी सैनिकको मृत्यु भएको छ र करिब १४० जना घाइते भएका छन् ।

द्वन्द्व क्षेत्रीय सीमाभन्दा बाहिर पनि फैलिएको छ । श्रीलंकाको समुद्रमा अमेरिकी सेनाले इरानी जहाजमाथि टार्पिडो प्रहार गरेको बताइएको छ भने अस्ट्रेलियाले इरानी महिला फुटबल टोलीका थप दुई सदस्यलाई शरण दिएको जनाएको छ । इराक र लेबनान पनि यस युद्धका प्रोक्सी मोर्चा बनेका छन् । इराकमा इरानसँग सम्बन्धित समूहले मंगलबार अमेरिकी आक्रमणमा आफ्ना पाँच लडाकू मारिएको बताएको छ । लेबनानमा इरान समर्थित हिजबुल्लाहलाई लक्षित इजरायली हवाई र स्थल आक्रमणपछि सयौं मानिस मारिएका छन् र लाखौं विस्थापित भएका छन् ।

बेरुतको दक्षिणी क्षेत्रमा बुधबार नयाँ इजरायली आक्रमण भएको खबर आएको छ । दक्षिणी सहर कानामा थप पाँच जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । राज्य सञ्चारमाध्यमका अनुसार मध्य बेरुतको एउटा क्षेत्रमा पनि आक्रमण भएको छ ।

यसअघि इरानले संयुक्त राष्ट्रसंघमा दिएको उजुरीमा मध्य बेरुतको समुद्री किनारस्थित होटलमा भएको आक्रमणमा आफ्ना चार कूटनीतिज्ञ मारिएको जनाएको थियो । इजरायलले भने त्यहाँ इरानको रिभोलुसनरी गार्डस्का प्रमुख कमाण्डरहरू लक्षित गरिएको दाबी गरेको छ ।

युद्धको असर विश्वभर महसुस हुन थालेको छ । संयुक्त राष्ट्र व्यापार तथा विकास एजेन्सीले इन्धन र खाद्यान्नको मूल्य बढ्दै जाँदा विश्वका कमजोर समुदाय सबैभन्दा बढी प्रभावित हुने चेतावनी दिएको छ । इजिप्टमा सरकारले इन्धनको मूल्य करिब ३० प्रतिशत बढाएपछि सर्वसाधारण चिन्तित भएका छन् । कायरोको बजारमा भेटिएकी छ सन्तानकी आमा ओम मोहम्मदले पहिले नै जीवन धान्न गाह्रो भएको भन्दै अब मानिसहरूले कसरी व्यवस्थापन गर्ने भन्नेबारे आफू चिन्तित रहेको बताए । *रासस/एएफपी*

# मध्यपूर्व द्वन्द्वको प्रभाव अफगान बालबालिकामा



**काबुल–** मध्यपूर्व क्षेत्रमा बढ्दै गएको द्वन्द्व र अस्थिरताले इरानमा बसोबास गर्दै आएका अफगान परिवारहरूलाई स्वदेश फर्किन बाध्य बनाइरहेको छ । यसरी ठूलो संख्यामा फर्किरहेका परिवारहरूसँगै बालबालिकाको अवस्था निकै जोखिमपूर्ण बन्दै गएको संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले जनाएको छ । युनिसेफका अनुसार सीमावर्ती क्षेत्रहरूमा आइपुग्ने धेरै परिवारहरू अत्यन्त थकित, चिन्तित र आधारभूत सहयोगको आवश्यकता भएको अवस्थामा देखिएका छन् ।

पश्चिमी अफगानिस्तानको हेरात प्रान्तस्थित इस्लाम काला सीमा नाकालगायतका विभिन्न प्रवेश बिन्दुहरूमा इरानबाट फर्किने अफगान परिवारहरूको संख्या पछिल्लो समय उल्लेख्यरूपमा बढेको छ । धेरैजसो परिवारहरू अचानक यात्रा गर्न बाध्य भएका कारण उनीहरूसँग पर्याप्त खाद्यान्न, स्वास्थ्य सेवा वा सुरक्षित बसोबासको व्यवस्था नभएको अवस्था छ । लामो र कठिन यात्राका कारण विशेषगरी साना बालबालिका, गर्भवती महिला र वृद्ध व्यक्तिहरू बढी प्रभावित भएका छन् ।

अफगानिस्तानका लागि युनिसेफका प्रतिनिधि ताजुद्दीन ओयेवालेले स्वागत केन्द्रहरूमा पुगिरहेका आमाहरू आफ्ना बालबालिकासहित अत्यन्तै थकित र मानसिक दबाबमा रहेको बताएका छन् । उनका अनुसार धेरै बालबालिकाले लामो यात्रा, खानपानको अभाव र असुरक्षित अवस्थाका कारण शारीरिक तथा मानसिक समस्या भोगिरहेका छन् । उनले आगमनको संख्या अझै बढ्ने सम्भावना रहेको उल्लेख गर्दै यदि आवश्यक सहयोग तुरुन्त उपलब्ध गराउन सकिएन भने बालबालिकाको स्वास्थ्य र सुरक्षामा गम्भीर असर पर्ने चेतावनी दिएका छन् ।

उपलब्ध तथ्यांकअनुसार पछिल्लो एक वर्षमामात्र करिब ३० लाख अफगान नागरिक छिमेकी देशहरूबाट अफगानिस्तान फर्किएका छन् । तीमध्ये अधिकांश इरान र पाकिस्तानबाट फर्किएका हुन् । फर्किने व्यक्तिहरूमध्ये झण्डै ६० प्रतिशत बालबालिकासहितका परिवार रहेका छन् । ठूलो संख्यामा परिवारहरू एकैचोटि फर्किंदा स्थानीय समुदाय, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य आधारभूत सेवाहरूमा थप दबाब परेको छ ।

अफगानिस्तान पहिले नै आर्थिक कठिनाइ, बेरोजगारी, खाद्यान्न अभाव र कमजोर स्वास्थ्य संरचनाका कारण मानवीय संकटको सामना गरिरहेको देश हो । यस्तो अवस्थामा बाहिरबाट ठूलो संख्यामा फर्किने परिवारहरूले देशको सीमित स्रोतसाधनमाथि अझ बढी दबाब सिर्जना गरेका छन् । धेरै परिवारहरू घरबारविहीन छन् र उनीहरूलाई बसोबास, खाद्यान्न, स्वास्थ्य सेवा तथा सरसफाइ सामग्रीको तत्काल आवश्यकता रहेको छ ।

युनिसेफले विशेषगरी बालबालिकाको पोषण अवस्था, स्वास्थ्य सेवा, सुरक्षित पिउने पानी, सरसफाइ र स्वच्छतासम्बन्धी सामग्री उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदाय, दातृ संस्था तथा मानवीय सहयोग निकायहरूलाई सहयोग बढाउन आग्रह गरेको छ । संस्थाले सीमावर्ती क्षेत्रमा अस्थायी सहायता केन्द्रहरू सञ्चालन गर्दै बालबालिका र आमाहरूलाई आवश्यक स्वास्थ्य सेवा, पोषण आहार तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने प्रयास गरिरहेको जनाएको छ ।

युनिसेफका अनुसार समयमै पर्याप्त सहयोग नपुगेमा हजारौं बालबालिका कुपोषण, रोग तथा असुरक्षाको जोखिममा पर्न सक्छन् । त्यसैले अफगानिस्तान फर्किने परिवारहरूलाई दीर्घकालीन सहयोग र पुनर्स्थापना कार्यक्रम आवश्यक रहेको संस्थाले जोड दिएको छ । *रासस/सिन्ह्वा*


**जगन्नाथ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**जुड्डी,बाजुरा**

**सुदुरपश्चिम, प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सूचना**

**सूचना प्रकाशित मितिः २०८२/११/२८**

उपयूक्त सम्बन्धमा यस जगन्नाथ गाउँपालिकाको चालु आ वं २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल कार्यका लागि मिति २०८२/०९/२५ गते राष्ट्रियस्तरको पत्रिकामा विद्युतिय बोलपत्र आब्हानको सूचना प्रकाशित भएकोमा यस कार्यालयमा रितपूर्वक पेश भएका प्रस्ताबहरूको मूल्याकंन हुदाँ न्यूनतम मूल्याकिंत एवं सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो आषयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु भ्याट बाहेक |
|---|---|---|---|---|
| १. | JRM/GOODS/SF/NCB/03/2082/083 | विद्यालयको लागी फर्निचर खरिद योजना | श्री एल. बि. मल्टिप्रपोज कम्पनी प्रा.ली. मेलम्ची ११ सिन्धुपाल्चोक | १५,०३,२२५।- |

**नि प्रमुख प्रशासकीय अधिकृत**

**Government of Sudur Pashchim Province**

**Ministry of Social Development**

**Province Health Logistic Management Center**

**Dhangadhi, Kailali Nepal**

**Invitation for Electronic Bid**

**Date of Re-publication: 2082/11/28 (March 12, 2026)**

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali Re-invites electronic bids from eligible bidders Under National competitive bidding specified in public procurement Act & Regulations as:

| IFB no:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB-09/082-08(RE) | Procurement Supply, Delivery & Installation of Fetal Doppler and CTG Machine.. | Nrs.1,15,000/- (One Lakh Fifteen Thousand Only) | 2083/04/11 (July 27, 2026) or 120 days beyond the day of bid opening |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

**Acting Director**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१९००० | प्रति तोला – ० | प्रति तोला – ५७२० |



**मेसिनबाट धान रोपाइँ** | चितवनको भरतपुर महानगरपालिका-६ देवनगरमा किसान मेसिनको प्रयोग गरी चैते धान रोपाइँ गर्दै । जिल्लामा पछिल्लो समय धान रोप्न मेसिनको प्रयोग गर्ने क्रम बढ्दै गएको छ । *तस्बिर : सनद अधिकारी/रासस*

# थप २५ हजार मेट्रिकटन मल आयात गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपक्षी विकास मन्त्रालयले चालु आवमा करिब २५ हजार मेट्रिकटन मल आयात गर्ने भएको छ । चालु आवमा चार लाख ६६ हजार मेट्रिकटन मल साल्टट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनीमार्फत आयात गरेको मन्त्रालयले मलको अभावलाई कम गर्ने उद्देश्यले २५ हजार मेट्रिकटन मल आयातका लागि पुनः बोलपत्र आह्वान गरेको हो ।

गत वर्षको तुलनामा अन्तरराष्ट्रिय बजारमा मलको मूल्यमा भएको वृद्धिले यस वर्ष ५९ हजार मेट्रिकटन मल आयातमा कमी हुने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

सरकारले मलका लागि अनुदानस्वरूप विनियोजन गरेको रु २८ अर्ब ८२ करोडको बजेटबाट चालु आवमा चार लाख ९१ हजार मेट्रिकटन मल आयातमा हुने मन्त्रालयले जनाएको छ । बोलपत्र आह्वान गरिएको मलमध्ये केही परिमाण आएको तथा केही परिमाण आयातको प्रक्रिया पूरा गरी आउने क्रममा बाटोमा छ ।

मन्त्रालयले चालु आवमा पाँच लाख ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने लक्ष्य राखेकामा बजेट अपुग भएपछि वैकल्पिक स्रोत खोजी गरेको थियो । वैकल्पिक स्रोतबाट पनि रकम जुटाउन सकिएको थिएन ।




केही स्थानमा मात्र चैते धानखेती हुने भएकाले सो मल आयात भएपछि किसानलाई उपलब्ध गराउन समस्या नहुने उनले जानकारी दिए । पछिल्लो समय आह्वान गरिएको बोलपत्रअनुसार मल आयात भएपछि चालु आवमा चार लाख ९१ हजार मल वितरण किसानलाई गर्न सकिन्छ । देशभर बजारमा हाल मलको अभाव नरहेकाले किसानलाई खेती तथा बाली लगाउन समस्या नहुने मन्त्रालयले जनाएको छ ।

कृषि सामग्री कम्पनीले रासायनिक मलको करिब ७० प्रतिशत हिस्सा र साल्टट्रेडिङ लिमिटेडले ३० प्रतिशत हिस्सा आपूर्ति तथा बिक्री गर्दै आएको छ । स्वदेशमा रासायनिक मल उत्पादन नहुँदा अन्तरराष्ट्रिय ग्लोबल टेन्डरका माध्यमबाट अन्तरराष्ट्रिय बजारबाट खरिद गर्ने गरिएको छ । मल कलकत्ता, हल्दियालगायत स्थानबाट ल्याइने तथा देशका विभिन्न गोदामस्थल विराटनगर, वीरगञ्ज, भैरहवामा मौज्दात गरी देशभर मागको अनुपातमा आपूर्ति तथा बिक्री गरिन्छ । अन्तरराष्ट्रिय बजारबाट विद्युतीय खरिद प्रणाली (इविडिङ) मार्फत आपूर्ति गर्दा प्रक्रिया लामो भएर समयमा मल उपलब्ध गराउन समस्या हुने गरेको छ ।

विसं २०७८ को कृषिगणनाअनुसार कृषक परिवारमध्ये ७६ प्रतिशत कृषक परिवारले धानबालीमा रासयनिक मल प्रयोग गरेको जनाइएको छ ।

# ग्यासको भण्डारण नगर्न र बिजुलीको खपत बढाउन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थ तथा ग्यासको आवश्यक परिमाणमा मात्र खरिद तथा प्रयोग गर्न आग्रह गरेको छ । निगमले आज विज्ञप्ति जारी गर्दै मासिक एक सिलिन्डर खपत हुने अवस्थामा अरु सिलिन्डर नभर्न, अनावश्यक भण्डारण नगर्न र ग्यासको सट्टा बिजुलीको खपत बढाउन आग्रह गरेको हो ।

नेपाल पेट्रोलियम पदार्थमा पूर्ण रूपमा आयातमा परनिर्भर रहेको अवस्थामा यसको खपतमा केही सुरक्षात्मक प्रबन्ध गर्न जरुरी रहेको निगमले स्पष्ट पारेको छ । अनावश्यक रूपमा ग्यास सिलिन्डर होल्डिङ गरेको पाइएमा, बढी मूल्य लिइ ग्यास तथा पेट्रोलियम पदार्थ बिक्री गरेमा, नयाँ सिलिण्डरको बजारीकरण गरेको पाइएमा कारबाही हुने निगमले जनाएको छ ।

निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'औद्योगिक प्रयोगमा पेट्रोलियम पदार्थ तथा ग्यासको खपत कम गर्ने, इन्धन तथा एलपी ग्यासको आयात र बिक्री वितरणको अवस्था नियमित भइरहेको एवं आगामी दिनमा पनि निरन्तर हुँदै जाने भए तापनि मध्यपूर्वमा देखिएको समस्याका कारण विश्वमा पर्ने प्रभावबाट नेपाल पनि अछुत हुन नसक्ने सम्भावनालाई दृष्टिगत गरी आवश्यक परिणाममा मात्र इन्धन तथा ग्यास खरिद गर्न र अनावश्यक भण्डारण नगर्न अनुरोध छ ।'

## 'डेरीमार्ट' थप्दै दुग्ध उत्पादक सहकारी

**चितवन (प्रस)–** चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले आफ्नो उत्पादनको बिक्री वितरणका लागि डेरीमार्ट थप गर्दै लगेको छ । पहिलो 'डेरीमार्ट' भरतपुर महानगरपालिका-१० दूरसञ्चार रोडमा सञ्चालनमा ल्याएको सङ्घले दोस्रो शाखा नारायणगढको बेलचोकमा सञ्चालनमा ल्याएको हो ।

संघका अध्यक्ष किशोर बगालेका अनुसार यो वर्षमा पाँच स्थानमा डेरीमार्ट सञ्चालनमा ल्याउने गरी काम अघि बढाइएको छ । सङ्घले आफैँले उत्पादन गरेका दुग्धजन्य पदार्थ बिक्रीवितरण र बजारीकरणका लागि मार्ट सञ्चालनमा ल्याएको उनले बताए । संघले रत्ननगरमा आफ्नो डेरी उद्योग सञ्चालनमा ल्याएर त्यहाँबाट उत्पादित दूध, दही, घ्यू, पनिरलगायत सामग्री मार्टमार्फत बिक्रीवितरण सुरु गरेको हो ।

उपभोक्ताबाट गुणस्तरीय वस्तु पाइएको भन्दै सकारात्मक सन्देश पाएपछि शाखाहरू थप गर्न लागिएको उनले बताए । जिल्लामा उत्पादित दूधलाई बजारीकरण गर्न र दूधको भूक्तानी नपाउने समस्या समाधान गर्न यो मार्टले महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ । अहिले जिल्लामा रहेका ११५ वटा दुग्ध उत्पादक सहरकारी संघले दूध उत्पादन र बिक्रीवितरण गर्दै आएका छन् ।

# व्यावसायिक फलफूलखेतीतर्फ भुल्केका किसानको आकर्षण

**भोजपुर –** यहाँस्थित रामप्रसादराई गाउँपालिका-३ भुल्के क्षेत्रका किसान पछिल्लो समय व्यावसायिक फलफूलखेतीतर्फ आकर्षित भएका छन् । स्थानीय तहबाट आवश्यक आर्थिक, प्राविधिक तथा सामग्री सहयोग प्राप्त हुन थालेपछि परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई विस्तार गर्दै किसान व्यावसायिक कृषि प्रणालीमा उन्मुख भएका हुन् ।

यहाँका किसानले हाल सुन्तला, एभोकाडो, कागती, जुनारलगायत फलफूलको व्यावसायिक खेती सुरु गरेका छन् । केही किसानले मिश्रित खेती प्रणाली अपनाउँदै फलफूलसँगै मौसमी तरकारी उत्पादनसमेत गर्दै आएका छन् । अनुकूल हावापानी, उर्वर माटो र उपयुक्त भूगोलका कारण भुल्के क्षेत्र फलफूलखेतीका लागि सम्भावनायुक्त मानिएको छ ।

स्थानीय कृषक सीता खड्काका अनुसार वडा र गाउँपालिकाबाट प्राप्त सहयोगले खेतीप्रति उत्साह बढाएको छ । 'पहिले सामान्य किसिमले खेती गर्थ्यौं, उत्पादन पनि सीमित हुन्थ्यो', उनले भने, 'अहिले बिरुवा, मल, तालिम र प्राविधिक सल्लाह पाएपछि व्यावसायिक रूपमा खेती गर्न आत्मविश्वास बढेको छ ।' उनका अनुसार व्यावसायिक खेतीबाट आम्दानी बढ्ने अपेक्षा गरिएको छ, जसले परिवारको आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

वडा कार्यालयका अनुसार कृषिलाई आयआर्जनको दिगो माध्यम बनाउने लक्ष्यसहित योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिएको छ । किसानको माग र व्यावसायिक योजनाका आधारमा विभिन्न जातका फलफूलका बिरुवा, मल, बीउबिजन वितरण गरिँदै आएको छ । साथै प्राविधिक जनशक्तिमार्फत बाली व्यवस्थापन, रोग नियन्त्रण र आधुनिक खेती प्रविधिबारे तालिमसमेत प्रदान गरिँदै आएको जनाइएको छ ।

भूगोल र माटो सुहाउँदो खेती प्रणालीमा विशेष जोड दिइएको वडाध्यक्ष रामु थापामगरले बताए । 'हामीले यहाँको हावापानीअनुसार उपयुक्त बाली छनोट गर्न किसानलाई प्रेरित गरेका छौँ', उनले भने, 'व्यावसायिक कृषिमार्फत किसानलाई आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य हो ।'

फलफूल तथा तरकारीखेतीलाई प्रोत्साहन गर्न 'एक घर-एक टनेल' कार्यक्रम अघि बढाइएको छ भने सिँचाइ सुविधा विस्तारका लागि सिँचाइ पोखरी निर्माणको कामसमेत भइरहेको छ । उत्पादन वृद्धि भएसँगै बजारीकरणमा समस्या नआओस् भनेर बजार व्यवस्थापनका विषयमा पनि योजना बनाइएको वडाले जनाएको छ । उत्पादन हुने अवस्थामा संकलन केन्द्र स्थापना र ढुवानी व्यवस्थापनमा सहयोग गर्ने तयारी रहेको बताइएको छ । स्थानीय सरकारको पहल, प्राविधिक सहयोग र किसानको मेहेनतले भुल्के क्षेत्रलाई फलफूल उत्पादनको उदीयमान केन्द्रका रूपमा विकास गर्ने सम्भावना देखिएको छ । व्यावसायिक खेती विस्तारसँगै रोजगारी सृजना, आयवृद्धि र ग्रामीण अर्थतन्त्र सुदृढ हुने स्थानीय जानकारहरूको भनाइ छ । *रासस*

# नेप्सेमा पहिरो, ४६ अंकले घट्यो परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ४६ दशमलव ७८ अंकले घटेर दुई हजार ७९६ दशमलव ५७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ६४ प्रतिशतको गिरावट हो ।

बुधबार ३२९ कम्पनीको तीन करोड ६० लाख ४९ हजार ४५१ कित्ता शेयर एक लाख १५ हजार ५५० पटक खरिदबिक्री हुँदा रु १३ अर्ब १८ करोड दुई लाख ५५ हजार १५७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।




म्युचुअल फण्ड समूहको उपसूचक शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । कालिका पावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी आठ दशमलव ४७ प्रतिशतले घटेको छ । कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा बढी रिदीपावर कम्पनी लिमिटेडको रु ८५ करोड ९४ लाख ५० हजार ३९४ बराबरको २४ लाख ३७ हजार ३३० बराबरको कारोबार भएको छ ।

## पोखरामा छ टन बढी मकैको बीउ अनुदानमा

**गण्डकी (प्रस)–** पोखरा महानगरपालिकाले महानगरभित्रका किसानलाई छ टन बढी मकैको बीउ अनुदानमा वितरण गरेको छ ।

महानगरभित्र मकैखेतीप्रति किसानलाई आकर्षित गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा मकैको बीउ वितरण गरिएको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । उनका अनुसार किसानलाई 'रामपुर कम्पोजिट' जातको बीउ एक हजार १०० किलो, अरुण-२ जातको बीउ तीन हजार १०० किलो र मनकामना-३ जातको बीउ दुई हजार १० किलो वितरण गरिएको छ । प्रतिकिलो रु ११० पर्ने मकैको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको हो ।

अनुदानमा बीउ वितरणका लागि महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेकामा निवेदन दिएका ५०० भन्दा बढी किसानलाई बीउ उपलब्ध गराइएको उनले जानकारी दिए । महानगर क्षेत्रमा करिब छ हजार हेक्टरमा मकैखेती हुने गरेको उनले बताए ।

# महालक्ष्मी बैंकको बैंकिङ प्रवर्द्धन कार्यक्रम सम्पन्न



**पोखरा (प्रस)–** महालक्ष्मी विकास बैंकद्वारा दुईदिने कार्यशाला तथा दिगो बैकिङ्ग प्रबर्द्धनको लागि पोखरा फेवाताल किनारमा पदयात्रा कार्यक्रम सम्पन्न भएको छ । बैंकले यही फागुन २४-२५ गते बैंकको वाषिक कार्यक्रम अन्तर्गत दुईदिने कार्यशालाको आयोजना गरी वातावरण, संस्कृती र सम्पदा संरक्षण तथा दिगो बैकिङ्ग प्रबर्द्धन प्रति आफ्नो प्रतिबद्धता जाहेर गर्दै सामुहिक पदयात्रा कार्यक्रम सम्पन्न गरेको हो ।

बैंकका विभागीय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रबन्धक र अन्य कर्मचारीहरूको उत्साहजनक सहभागिताका साथ सम्पन्न यस दुई दिने कार्यक्रमले बैंकको आर्थिक वर्ष २०८२/८३ को हालसम्मको समग्र वित्तीय अवस्था र हालै सम्पन्न सफल निर्वाचन पछिको सकरात्मक परिस्थिति तथा अन्तराष्ट्रिय परिस्थितिबाट सृजना हुन सक्ने आर्थिक चुनौतीहरूको समेतको विश्लेषण गरेको छ । बैकिङ्ग क्षेत्रले दिगो वित्तीय अभ्यासहरू अपनाउनुपर्छ भन्ने सन्देश आम जनमानसमा प्रवाह गर्न ऐतिहासिक तथा पर्यावरणीय दृष्टिले महत्वपुर्ण रहेको फेवाताल किनारमा सामुहिक रूपमा पदयात्रा गर्दै कार्यक्रम सम्पन्न भएको हो । साथै उक्त कार्यक्रममा हरित बैकिङ्ग र दिगो वित्तीय रणनितिको आवश्यकता माथि विशेष जोड दिइएको छ ।

'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३१ वर्ष देखी अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरू र करिब ८ लाख ५० हजार भन्दा बढी ग्राहकहरू रहेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ